# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY




आषाढ पूर्णिमा

बनेपा ध्यानकुटीमा असार ११ र १२ दुईदिने बौद्ध जागरण प्रशिक्षण शिविरमा भागलिनु भएका प्रशिक्षक तथा प्रशिक्षार्थीहरूको समूह र स्टाफ


वर्ष- १७ अङ्क- ४ वार्षिक रु. ५०/- मूल्य रु. ५/-



Downloaded from http://www.dhamma.digital

सम्पादकीय

# आषाढ पूर्णिमाको महत्व

बाह्र पूर्णिमाहरू मध्ये सबैभन्दा जेठो र महत्वपूर्ण पूर्णिमा वैशाख पूर्णिमा हो । त्यसपछि आउँछ अति महत्वपूर्ण आषाढ पूर्णिमा । किन भने आषाढ पूर्णिमाकै दिन गौतम बुद्धले सर्व प्रथम आफूले प्राप्त गर्नुभएको ज्ञानको प्रचार गर्नुभएको थियो ।

सिद्धार्थ कुमारले राजदरबार त्यागी सन्यासी जीवन अपनाएको र ज्ञान प्राप्त गर्नुभएको व्यक्तिगत सुख र मुक्तिको लागि होइन । अपितु अति अज्ञानी र दुःखीहरूको उद्धारको लागि नै हो ।

यसरी धर्म प्रचार गर्न विचार गरेर गौतम बुद्ध गयाबाट सरासर पञ्चभद्र वर्गीय बसिरहेको ठाउँ ऋषिपतन सारनाथ जानु भयो । पञ्चभद्र वर्गले उहाँलाई देख्नासाथै भन्नथाले तप भ्रष्ट सिद्धार्थ हामीकहाँ आए । हेर न मीठा मीठा खाना खाएर कस्तो मोटाएर आएछन् ।

गौतम बुद्धले मैत्रीपूर्वक मधुर स्वरले उनीहरूलाई सम्बोधन गरी भन्नुभयो "भद्र पुरूषहरू, मैले पहिले कहिले पनि नसुनेको, थाहा नभएको चार आर्यसत्य र आर्य अष्टांगिक मार्गको विषयमा आँखा खुलेको छ । मलाई ज्ञानलाभ भएको छ । यी ज्ञानहरू जानी राख्नु पर्ने ठानेर अध्ययन गरेर जानिसकें, अभ्यास पनि गरिसकें र अनुभव गरेर साक्षात्कार पनि गरें । अनि मेरो मनमा लुकी राखेको पुरानो कुसंस्कार तथा विकारहरूलाई त्यागी दिएँ । आर्य अष्टांगिक मार्ग दुःख अन्त हुने मार्ग ती हुन्- (१) सम्यक् दृष्टि = ठीक समझदारी (२) सम्यक् संकल्प = ठीक सोचाइ र नियत राम्रो हुनु (३) सम्यक वचन = भनाई र गराइमा फरक नहुनु (४) सम्यक कर्मान्त = गलत तरिकाबाट काम नगर्नु (५) सम्यक आजीविका = जीवन स्वच्छ हुनु (६) सम्यक् व्यायाम = अति परिश्रम र अल्छि जीवन दुवै नहुनु (७) सम्यक् स्मृति = ठीक होशमा हुनु (८) सम्यक समाधि = चित्त एकाग्र हुनु ।

वहाँले फेरि भन्नुभयो- राम्रोसंग ध्यान दिएर सुन्नुहोस्, आर्य अष्टांगिक मार्ग र चार आर्य सत्यको (दुःख, दुःखको कारण, महत्वाकांक्षा, दुःखको अन्त र दुःख अन्त हुने मार्ग) को राम्रोसंग ज्ञान नभएकोले, अभ्यास नभएकोले संसार अनेक समस्याबाट जटिल भइरहेको छ । चार आर्य सत्यलाई नबुझ्नुको कारण मानिसहरू दुई अतिमार्गमा लागेका छन् । ती दुई अन्तहरू हुन्- विलासितामय जीवन बिताउने धनीवर्ग र अति दुःखी गरीबी जीवन बिताउने गरीबवर्ग तथा तपस्या गर्नु ।

उपर्युक्त कुरा सुनी पञ्च भद्रवर्गले कुरा गर्न थाले सिद्धार्थ गौतमले यस्ता कुरा पहिले कहिले पनि भन्नु भएको थिएन । तपस्या छोडेर कसरी यस्तो ज्ञान अनुभव गरेको होला ! अहिले सिद्धार्थको अनुहार पनि तेजिलो छ । व्यक्तित्व निकै प्रभावशाली छ । स्वर पनि निक्कै मधुर छ । साच्चि नै उनले ज्ञान लाभ गरेका छन् कि तर बुझ्न नसकिने कुरा एउटा भन्नुभयो तपस्या गर्नु व्यर्थै छ रे । यो अति मार्ग रे ! तपस्याबाट दुःखको अन्त नहुने रे । हामी त दुई अन्त मध्ये एउटामा परेका छौं । पुरानो संस्कारलाई त्यागिदिएमा सिद्धार्थको कुरा बुझ्न सकिएला कि ! हामी गलत बाटोमा हिंडेका छौं कि जस्तो लागेको छ । स्वतन्त्र चिन्तनले विचार गर्न लागेपछि संस्कार बदलेपछि उनीहरू पनि बोध भए । आजको दिनलाई धर्मचक्र दिवस पनि भन्दछन् ।

## विषय-सूचि


(१) सम्पादकीय
(२) तण्डुलनाली जातक - प्रकाश बज्राचार्य -------- २
(३) (कविता) बोलिवचन को प्रभाव - रामभक्त प्रधान ----- ३
(४) (कविता) विगुल - भिक्षु विशुद्धानन्द ---------- ३
(५) (कविता) मानवीय जीवनमा - भिक्षु संघरक्षित -- ३
(६) *त्रिपिटक वाङ्मय ... ... -११*
शान्ति : मीठो भाषण र आकर्षक ... व्यवहारमा - कोण्डन्य -- ४
(७) (कविता) विपश्यना - सरोज उदास ---------- ६
(८) धम्मपद-१२०-१२१ - रीना तुलाधर ----------- ७
(९) सुमंगल भन्तेको अन्त्यष्टि - आशाकाजी सेवक -- ८
(१०) (कविता) "गौतम बुद्ध हो नाम" - हरिकृष्ण श्रेष्ठ -- १०
(११) धर्म र आध्यात्मिक शान्ति-१ - वीर्यवती ------ ११
(१२) पवित्र भूमि लुम्बिनी-योजना र प्रगति-३ - देवेन्द्रराज शाक्य -- १४
(१३) (कविता) "गरौं आजै संकल्प' - सुधन शाक्य --- १५
(१४) बौद्ध सम्राट अशोक एवं कनिष्कका धर्म निरपेक्षता-२ - अनु. विजयराज बज्राचार्य --- १६
(१५) (कविता) लोभ - सुश्री सुमना देवी शाक्य ----- १८
(१६) [धारणा] 'बुद्ध उपदेश र अभ्यास' - श्रीमती सरस्वती शाक्य - १९
(१७) (कविता) हे बुद्धनाथ शरण - सुर्जरत्न बज्राचार्य - १९
(१८) धर्मकीर्ति विहार-गतिविधि ------------- २०-२१
(१९) धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू -------- २१
(२०) धर्म प्रचार-समाचार ------------------ २२


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२
ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |

DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

JULY, 1999

| वर्ष- १७ | अङ्क- ४ | असारपुन्ही | पूर्णिमा २०५६ |
|---|---|---|---|




★ न आकाशमा, न समुद्रमा, न पहाड पर्वत गुफामा कुनै यस्तो ठाउँछ, जहाँ पापी मानिस आफूले गरेको पापकर्मबाट छुटकारा पाउन सकोस् ।

★ ★ ★

★ सय वर्षको आलसी रहीन वीर्य जीवनको अपेक्षा एक दिनको दृढ कर्मण्यताको जीवन धेरै उत्तम हो ।

★ ★ ★

★ बृद्धावस्थासम्म सदाचारलाई पालन गर्नु सुखकर हो । स्थिर श्रद्धा सुखकर हो । प्रज्ञा (ज्ञान) लाई लाभ गर्नु सुखकर हो । र पाप कर्मलाई नगर्नु सुखकर हो ।

Downloaded from http://www.dhamma.digital

# तण्डुलनाली जातक

✍ प्रकाश वज्राचार्य

राजा हुँदैमा धनी हुनु पर्ने भन्ने केही छैन । धनी हुँदैमा पैसा पुग्ने भन्ने पनि केही छैन । त्यो राजा धनीछ, तर पैसाबाट सन्तोष ऊ कहिले नै भएको छैन । ऊ मितव्ययी छ, पैसा बढि खर्च गर्न चाहँदैन, धेरै मान्छेले उसलाई कंचुस पनि भन्ने गर्छन् । आफूलाई 'कंचुस' भन्नेहरूलाई उसले वास्ता गर्दैन, उनीहरूलाई पैसाको महत्व नबुझ्ने तुच्छ मानिस थान्छन् । उसले अरूलाई चित्त बुझोस्, नबुझोस् आफ्नो चित्त बुझेमा पुगिहाल्योनि भन्ने खालको राजा हो ऊ !

पैसा बचाउने हजारौं उपायहरू विचार गर्छन् उसले । आज पनि झ्यालमा बसी पैसा बचाउने उपाय खोज्दैछ । पैसा बचाउने तर्खरमा पैसा खर्च हुने ठाउँहरू एक एक गरी विचार गर्न थाले । किनमेल गर्दाखेरी नै पैसा कम तिरेर किन्न सकेत धेरै पो पैसा बच्ने छ त - राजाले विचार गरे । तर राजदरवारमा किनमेल गर्दा भाऊ मिलाउने व्यक्ति भने बेच्नेलाई नपुग्ने गरी पैसा दिन चाहन्दैन । हुनत उसले काम गरिराखेको चित्त नबुझ्दो पनि छैन, तर पैसा बचाउने बाटो पनि खोज्नु पर्‍यो नि । जे होस् त्यो भाउ मिलाउने व्यक्तिको ठाउँ अर्को पैसा जोगाउन सक्ने मान्छे हालिदिनु पर्‍यो । राजाले विचार गर्दै गयो । तर हाल्ने कसलाई ? किनमेल गर्दा पैसा बढि खर्च हुन नदिने व्यक्ति को छ त ? को छ ? को राख्ने ? ?

संयोगको कुरो ! त्यति नै बेला राजाले बाटोमा लुखुर लुखुर हिंडिराख्ने एकजना लठेब्रो देखिहालें । पक्कै पनि यो मान्छेले मेरो पैसा जोगाउन सक्ला भन्ने राजालाई लाग्यो । तुरन्तै त्यो लठेब्रोलाई डाक्न पठाए, तुरन्तै राजदरवारमा किनमेल गर्ने, मोलभाव गर्ने काम उसलाई सुम्पिदियो ।

नयाँ मूल्य नियन्त्रकलाई कसैले मनपराएको थिएन, न कोही ऊ देखी सन्तुष्ट नै थिए । तर पनि ५०० घोडाहरू बेच्न आउने एकजना व्यापारीलाई उसैकहाँ जानु पर्ने भयो, आफ्ना घोडाहरू दरवारमै बेच्नु पर्ने उसलाई ।

मूल्य निर्धारकले घोडाहरू हेरे । अति अनुभवी व्यक्तिले जस्तै स्वांग गर्दै हरेक घोडालाई ठोक बजार्दै हेर्न थाले । अन्तमा आँखे भुइँ खुम्चाउँदै भने उसले "महाजन, यी घोडाहरू मैले राम्रैसँग हेरिसकें । राजदरवारले यी घोडाहरूको मूल्य एक तण्डुलनाली मात्रै दिन सक्छ ।"

व्यापारी तीनछक्क परे । ५०० घोडाहरूको मूल्य एक तण्डुलनाली ? अन्याय ! तर उसले केही बोल्न पनि सकेन, राजदरवारको निर्णयलाई विरोध गर्ने क्षमता उसमा छैन ।

निरास भई हातमा एक तण्डुलनाली लिई निन्याउरो मुख पारेर ऊ त्यहाँबाट फर्के । घर जाने हिम्मत पनि आएन विचरोलाई । ५०० घोडाहरू गुमाइसकेपछि घरमा मुख देखाओस् पनि कसरी ? रिसले चूर छ ऊ भित्रबाट, तर बोल्न सक्ने केही होइन । पहिलेको मूल्य निर्धारक कति राम्रो थियो, कति इमानदार थियो, विचार गर्दै हिंडे ऊ । पहिलेको मूल्य निर्धारकले सायद मलाई केही मद्दत गर्न सक्लाकि भन्ने विचार गरी त्यो व्यापारी पुरानो मूल्य निर्धारकको घरतिर लम्कन थाले ।

उक्त पुरानो इमान्दार मूल्य निर्धारकको अगाडि गई व्यापारीले आफ्नो कुरो जम्मै भने । हो, यो त अन्याय हो भन्ने ठानी मूल्य निर्धारकले व्यापारीलाई कुरो सिकाउन थाले ।

भोलिपल्ट राजमहलमा दरवार बस्यो । दरवारमा उही व्यापारी तुप्लुक्क आइपुगे । आउँदैमा भनीहाले "महाराज ! म तपाईंको योग्य मूल्य निर्धारकसँग आफ्नो सामानको मूल्य निर्धारण गर्न चाहन्छु ।"

सबै भारदारहरू खचाखच भरेको ठाउँमा जनताको अनुरोधलाई राजाले नाइँ भन्न सकेन । व्यापारीले कुरो थपे, "महाराज, मेरा ५०० घोडाहरूको मोल कति पर्छ, जानी पाउँ ।"

राजाले नयाँ लठेब्रो निर्धारकलाई बोलाउन पठाए । उसले आएर घोषणा गरे, "महाराज, ५०० घोडाहरूको मोल एक तण्डुलनाली हो ।"

भित्र भित्र राजा दंग भए, मूल्य निर्धारकले कंचुसीपन देखाएको उसलाई धेरै मनपर्‍यो । भाइ भार दारहरू चाहिं कानेखुसी गर्न थाले । व्यापारीले कुरा थपे, "हिजो मैले ती ५०० घोडाहरू बेचिसके । अब मसँग एउटा तण्डुलनाली मात्रै बाकि छ । यो तण्डुलनालीको मोल जान्न पाउँ ।"

मूल्य निर्धारकले चारैतर्फ आँखा दौडाए । सबै आफूतिर हेरिरहेको । अनि विस्तारै आफ्नो गोजीमा चाल नपाउने गरी छोई हेरे । हिजो बेलुकी त्यो व्यापारीले उसलाई दिएर गएको पैसा त्यहीं छ । उसले भने- "महाराज, यो तण्डुलनालीको मोल हो- तपाईंको राज्य बाराणसी सबै ।"



Downloaded from http://www.dhamma.digital

खलबल मच्चियो । एउटा तण्डुलनालीको मोल बाराणसी ! त्यो नयाँ मूल्य निर्धारकलाई हिजो बेलुकी नै व्यापारीले घूस खुवाएर कुरा सिकाएको कसैलाई थाहा थिएन, सिवाय् पुरानो मूल्य निर्धारकलाई, जसको सल्लाह अनुसार नै व्यापारीले त्यसो गरेको थियो । सभामा कोही हास्न थाले, कोही खुसुरपुसुर गर्न थाले । राजालाई आत्थु आत्थु । पछाडिबाट गाइँ गुइँ गरेको सुनीयो - "कस्तो मूर्ख मान्छेलाई मूल्य निर्धारक गरेको हो हाम्रो राजाले", "कस्तो राजा हो यो ! ?" "राजाले अब बाराणसी कसरी बेच्ने हो हेरिहालौं !!" राजा त शरमले भुतुक्कै भयो । कत्ति बेरसम्म केही बोल्नै सकिन । बल्ल अलि होश आएपछि हुकुम जारी गरे, निकालदे यो मूर्ख मान्छेलाई ! आजदेखि फेरि पुरानै मूल्य निर्धारकलाई राख । अँ, यो व्यापारीका घोडाहरू पनि उचित मोल दिइदेऊ ।"

राजाको हुकुम ! भने मुताविक सबै कुरो भयो । पुरानो इमान्दार मूल्य निर्धारक आफ्नो पदमा फेरि आए । व्यापारी पनि सन्तुष्ट भए ।

× × ×

**यो जातक कथा भगवान बुद्धले लालउदाय भन्ने मूर्ख भिक्षुको कारणमा मूर्खहरूको संगतले अरूलाई हानी हुन्छ भनी देखाउँदै भिक्षु संघलाई सुनाउनु भएको थियो । यसमा नयाँ मूर्ख मूल्य निर्धारक बुद्धकालीन लालउदायी भिक्षु र पुरानो मूल्य निर्धारक स्वयं बोधिसत्व हुनुहुन्थ्यो ।** ■

## बोलिवचन को प्रभाव

✍ **रामभक्त प्रधान**, बनेपा

अरुलाई बिगार्ने बोलिले आफू बिग्रिने,
अरुलाई निन्दा गर्दा आफू खुसी हुने,
अरूले आफूलाई निन्दा गर्दा दुःखी हुने,
बदला लिने भावनाले अहितको काम गर्ने,

यो काम राम्रो छैन, हामी सबैमा हुनु पर्ने ज्ञान
हित हुने ज्ञानको अभिलाषा हुनु पर्ने
आफै बुझ्नु पर्ने नबुझी के गर्ने ?
विना ज्ञानले कलह उत्पत्ति हुने

ज्ञान भन्ने कति किसिमको हुनु पर्ने
ज्ञानको भाइ बुद्धि भए शिक्षित बन्ने
काम कुरा गरी गराई भइ रहन्छ
मुख्य आफूमा ज्ञान पस्नु परेको छ

## विगुल

✍ **भिक्षु विशुद्धानन्द**

अरहत ध्वजा फहराउदै, बुद्ध शिक्षा घन्काउँदै
वड़ भिक्षु बनी योद्धा शान्ति समर भूमिमा

तिम्रो चीवरको दर्शनले, बन्छ त्यागी रागी यहाँ
तिम्रो पाइलाको स्पर्शले, बन्छ स्वर्ग नर्क यहाँ
फेरि किन डराउंछौं, भिक्षाटन चारिका गर्नमा
किन लुकी लुकी बस्छौं, भोगी भई विहारमा
सुख भोग लत्याउँदै, दुःख बोध जगाउँदै
हिड़ भिक्षु बन्न शहीद, क्रान्ति किरात भूमिमा

तिम्रो मैत्री करुणाले, पग्लछ हृदय दृष्टको यहां
तिम्रो आर्य हिंहनादले, पर्छन् शरण विरोधी यहां
फेरि किन अल्छि मान्छौं, अज्ञानी बोध गर्नमा
किन ठगी ठगी हिड्छौं, पुरोहित भई शासनमा
पाप कर्म छोडाउदै, कुशल कर्म गराउँदै
बन भिक्षु मार्ग दर्शक, भ्रान्ति कर्म भूमिमा

अष्टाङ्गिक मार्ग पाए, हिड्छ लगड़ो पनि यहां
आर्य सत्य सुन्न पाए, देख्छ अन्धो पनि यहां
फेरि किन घिनाउंछौं अपाङ्ग सहारा दिनमा
किन भागी भागी हिड़छौ जन्म हुन दुर्गतिमा
धर्मचक्र घुमाउदै स्वयम्भू आंखा खुलाउदै
होउ भिक्षु कल्याणमित्र, पुण्य बुद्ध भूमिमा

## मानवीय जीवनमा

✍ भिक्षु संघरक्षित, संघाराम

अमावस्यको रात मात्र होइन
जूनेली रातको जगमगाहत पनि हुन्छ ।
जीवनमा आँसु मात्र होइन
खुशीको क्षण पनि सम्मिलित हुन्छ ॥

मस्तिष्कमा दैत्यको बास मात्र होइन
देवताको आसन पनि सजिएको हुन्छ ।
मानवमा अवगुण मात्र होइन
गुणहरू पनि बिद्यमान भएकै हुन्छ ॥

सागरमा डरलाग्दा जन्तु मात्र होइन
सुन्दर रमाइला जीव पनि त हुन्छ ।
प्रत्येक नर शत्रुमा मात्र होइन
मित्रता भावमा पनि निहित हुन्छ ॥

धर्ममा नराम्रो त्याग्ने मात्र होइन
राम्रा कुराहरू पालन पनि गर्ने हुन्छ ।
हरेक मानव अल्छीले मात्र होइन
जांगरताले सत्कर्ममा लाग्ने पनि हुन्छ ॥


Downloaded from http://www.dhamma.digital

# शान्ति : मीठो भाषण र आकर्षक नारामा होइन-नैतिकयुक्त व्यवहारमा

**कोण्डन्य, संघाराम**

## सम्पसादनीय-सुत्त (ग/२८)

त्रिपिटक अन्तर्गत दीघनिकायको तेश्रो वर्ग पाथिक वग्गको पाँचौं सूत्र हो - 'सम्पसादनीय-सुत्त'। सूत्रानुसार नालान्दास्थित प्रावारिक आम्रवन (आँपको बगैंचा) मा बुद्ध विराजमानावस्था, धर्मसेनापति सारिपुत्रले बुद्धप्रति संप्रसाद (श्रद्धा, आस्था) राख्दै परम ज्ञानको सवालमा बुद्धको तुलनामा आजसम्म कोही पनि व्यक्तिको जन्म (उत्पन्न) भएकै छैन भनी बुद्धोपदेशको महत्ता र विशेषतालाई प्रकाश पार्दै लान्छ। अतीत-अनागत-प्रत्युत्पन्न (भूत, भविष्य र वर्तमान) तीनवटै कालको लागि श्रेष्ठ पुरुष (व्यक्तित्व) भन्नु नै बुद्ध हुन्, जोसँग अत्यन्त विनम्रता तथा सर्वदा अभिमान शून्यता (अहंभाव) विद्यमान भइराखेको हुन्छ। यसरी बुद्धका दाहिने हात एवं धर्मसेनापतिको रूपमा बुद्धशासनिक क्षेत्रमा सुपरिचित व्यक्तित्व सारिपुत्रको तर्फबाट संप्रसाद उद्‌गार (सश्रद्धापूर्ण) प्रस्फुटन प्रकट भएको अर्थमा यस सूत्र संप्रसादनीय सूत्र हुन गएको मान्न सकिन्छ।

## पासदिक-सुत्त (ग/२९)

निगण्ठ-नाटपूत्र (जैन तीर्थंकर भगवान् महावीर) को पावामा देहावसान भएको समयमा शाक्य देशको वेधञ्ञा नामक स्थानमा बुद्ध विराजमान हुनुहुन्थ्यो। तीर्थंकरको मृत्यु पश्चात चेला-अनुयायीहरूका बीच एक आपसमा कलह श्रृजना हुन्छ, झैझगडा शुरु हुन्छ, ठूलो वादविवाद उठ्छ, एकले अर्को प्रति आरोप-प्रत्यारोप लगाउँदै वचन रूपी वाण तेर्साउने जस्तो अशान्त कार्य प्रारम्भ हुन्छ। यसपछि उनीहरूका बीच फूट (विभाजन) भई दुई टुका हुन्छ (पक्ष-विपक्ष), आपसी समझदारीको भाव बिलाएर शत्रुपूर्ण व्यवहार पैदा हुन्छ। यस समाचार भिक्षु चुन्द (धर्मसेनापति सारिपुत्रका कान्छो भाइ) ले आनन्दलाई बताउँछ, यस्को लगतै दुबैले उपरोक्त अवस्थाका बारे बुद्ध समक्ष जानकारी (सुचित) गराउँदछन्।

विवादको लक्षण, योग्य गुरु तथा अनुयायीहरूमा परिवर्तन हुँदै जाने विश्वासको बारेमा बुद्धले कुरा उठाउदै आफूले उपदिष्ट गरीराखेको धर्म र बुद्ध वचनको कसौटी (महापरिनिब्बाण-सुत्त हेर्नुहोला) का बारे प्रकाश पार्दै लान्छ। प्रसंगवश बुद्धले व्याकृत तथा अव्याकृत साथै पूर्वान्त र अपरान्त दर्शन (ब्रम्हजाल-सुत्त हेर्नुहोला) का बारे प्रकाश पार्दै चार स्मृति प्रस्थान (काय, वेदना, धम्म र चित्तानुपश्यना, महासतिपट्ठान-ख/२२ हेर्नुहोला) को बारे धर्मपर्याय (धर्मोपदेश) गरी उपदेश अन्त्य गर्छ।

बुद्धधर्म चित्त शुद्धिका लागि, यथार्थ रुपले सुख-शान्ति प्राप्तिका लागि जीवनोपयोगी मार्ग हो भने यो नै बुद्धोपदेशको मूलध्येय (प्रमुख उद्देश्य) हो र साथै प्रयोग पनि हो। उपरोक्त सूत्र प्रासादिक (प्रशन्नकर), सुप्रासादिक जीवनोपयोगी मार्ग वा प्रसादकारी हो भनी बुद्धोपदेश श्रवण गर्ने (धारण) हो भने त्यसैको आधारमा 'पासादिक-सुत्त' नाम रहन गएको देखिन्छ।

## लक्खण-सुत्त (ग/३०)

बुद्धले आफ्ना शिष्यहरूलाई श्रावस्तीस्थित अनाथपिण्डिकाराममा भेलागरी महापुरुषहरूमा हुने लक्षणका सम्बन्धमा देशना गर्नुभएको सूत्र हो- 'लक्षण-सूत्र'। महापुरुषहरूमा हुने। हुनुपर्ने बत्तीस महापुरुष लक्षणका बारे यस सूत्रमा प्रकाश पारिएको छ। यस लक्षणलेयुक्तहरूका दुईवटा गति हुन्छन्- (१) यदि दरवार (सांसारिक) मा बसे धार्मिक व्यक्ति, धार्मिक राजा, चक्रवर्ती राजा आदि हुने। (२) यदि प्रव्रजित (त्यागी) अनगारिक हुन गएमा लोकको आवरण हटाइदिने अरहत् सम्यक् सम्बुद्ध हुने।

के-कस्ता कर्म विपाक (फल)को कारणले कस्ता कस्ता लक्षण प्राप्त हुने हो भन्ने नैतिक उद्देश्य पनि यस सूत्रमा उल्लेख भएको पाइन्छ। यसरी महापुरुषहरूमा बत्तीसवटा लक्षणले सम्पन्न हुन्छ भन्ने धारणा बुद्धकालभन्दा अगाडि नै रहेको र साथै यस बारेमा अम्बट्ठ-सुत्त (दीघ-क/३) र मज्झिमनिकायमा ब्रह्मायु-सुत्त (ञ/९१) मा पनि उल्लेख भएका पाइन्छन्।

## सिगालोवाद-सुत्त (ग/३१)

बुद्ध राजगृहस्थित वेणुवन (बाँस) को कलन्दक निवापमा विराजमानावस्था, राजगृहका सिगाल दिनकादिन स्नान (नुहाइ-धुवाइ) गरी भिजेकै लुगामा पूर्व, दक्षिण, पश्चिम, उत्तर, तल र माथि (उँभो) को दिशा-नमस्कार गर्ने गर्थ्यो। एक दिन बुद्धले सिगाललाई त्यसो गर्नाको



Downloaded from http://www.dhamma.digital

कारण सोधनी गर्छ । मेरा पिताले मरणाशन्न अवस्था (मृत्युशैय्या) मा 'दिशा नमस्कार गर' भन्दै प्राण त्याग गर्नुभयो, पिताको अन्तिम वचनलाई गौरव र सत्कार राख्नको लागि त्यस्तो कार्य दिनानुदिन गर्दै बसेको हो भन्ने कुरा सिगालले स्पष्ट पार्छ ।

यसपछि बुद्धले उपदेश दिँदै लान्छ - 'यसरी होइन, चारवटा कर्मक्लेशलाई प्रहाण (क्षेदन-हटाउनु) गर्न सकेमा यस लोक (इह) र परलोकमा विजय प्राप्त हुन्छ । ती हुन्- (१) प्राणी हिंसा (२) चोरी गर्ने (३) व्यभिचार कार्य गर्ने (४) असत्यवादी हुने । सम्पत्ति नाशका कारण - (१) जाँड रक्सी आदि लागु पदार्थको सेवन (२) कुबेला (बेला न कुबेला, जथाभावी) मा यताउति चहार्दै बस्नु (घुमफिर) (३) (चाहिंदो भन्दा ज्यादा) धेरै नाच गान वा मनोरञ्जनमा भुल्नु (४) जुवा (बाऱ्हमासि, जुवाडे) खेल्नु (५) पाप-मित्र (नराम्रो, कुसंगती) (६) अलसी र अनुद्योगी हुनु । यी कुराहरू मध्येमा कुनै न कुनै एकमा फँसियो भने अनिष्ट हुन्छ, सम्पत्ति नाश हुँदै जाने हुन्छ ।'

बुद्धले उपदेश गर्ने क्रममा अझ अरू कुरा थप्दै लान्छ-

'मित्ररूपी अमित्र चार चार प्रकारका (मित्र-रूपमा शत्रु) - (१) अर्काको बस्तु मात्र लिने (२) केवल कुरामात्र छाँट्दै हिंड्ने (फन्टुस) (३) जुनबेला पनि केवल मीठो-राम्रो कुरा गर्दै ठिक्क पारी कुरा गर्ने (नरमपूर्वक घ्यू डल्न सिपालु, नेतागिरी) (४) नराम्रो- अकुशल कार्य (काम-कुरा) मा समेत सहयोग गर्ने । साँचो सहृदय-मित्र (सच्चा मित्र, कल्याण मित्र) चार प्रकारका हुन्छन् - (१) उपकार गर्ने २) सुख-दुःखमा समान हुने (३) हितकारी (अर्थ प्राप्ति हुने) कुरा गर्ने (४) अनुकम्पा राख्ने ।

६ दिशा नमस्कारको अर्थ - (१) आमा-बाबु (मातापिता) भन्नु पूर्व दिशा (२) आचार्य (गुरु) दक्षिण दिशा (३) छोराछोरी - धर्मपत्नी (श्रीमती) पश्चिम दिशा (४) हितचिन्तक मित्र उत्तर दिशा (५) दास-नोकर चाकरहरू तलको दिशा (६) श्रमण-ब्राह्मण माथिको (उँभो) दिशा । यिनीहरूको सेवा सुश्रुषा तथा सेवा टहललाई नै यहाँ दिशा नमस्कार भनिएको हो । उपरोक्त दिशा के-कसरी छुट्याइएको, ती दिशाका सम्बन्धित व्यक्तिहरूलाई के कसरी सेवा टहल गर्ने, सेवा टहलको परिणाम के कस्तो हुन्छ आदि कुराहरू पनि यस सूत्रमा क्रमशः प्रकाश पारिएका देखिन्छन् । उदाहरणार्थ एउटा प्रस्तुति- धर्मपत्नी (श्रीमती) पश्चिम दिशा हो । सूत्रानुसार 'बुद्ध- गृहपतिपुत्र (सिगाल) ! पाँच प्रकारले लोग्नेमान्छे (पुरुष) ले पश्चिम दिशारुपी आइमाई (श्रीमती) लाई प्रत्युस्थापन (सेवा-टहल) गरीनुपर्छ :- (१) सम्मान गरीकन (२) अपमान नगरी (३) व्यभिचारी नभई (४) ऐश्वर्य प्रदान (हस्तान्तरण) गर्ने र (५) अलंकारिक वस्तु दिई । गृहपतिपुत्र ! यसै पाँच प्रकारले पुरुष पश्चिम दिशारुपी आइमाईलाई प्रत्युस्थापन गरेमा यसै पाँच प्रकारले आइमाईले पुरुष (श्रीमान्) प्रति अनुकम्पा राख्ने गर्छन् - (१) सुसंविहित रूपले काम-कुरा गर्छिन् (२) पाहुनाहरूलाई सम्मान गर्छिन् (३) व्यभिचारीणी हुन्न (४) ल्याइएको सम्पत्तिलाई संरक्षण गर्छिन र (५) हर काम-कुरामा दक्ष र निरालसी बन्छिन् । ... यसरी यो पश्चिम दिशा प्रतिच्छादित हुन्छ, क्षेम र अप्रतिभय पनि हुन्छ '

बुद्धधर्ममा गृहस्थहरूका धर्मको स्वरूप (कर्तव्य) र त्यस्को महत्त्वका बारे जान्न-बुझ्न यस सिगालोवाद सूत्र, अति नै महत्त्वपूर्ण सूत्र मानिन्छ । ६ दिशाको पूजागर्ने बौद्ध विधान, गृहस्थहरूको दैनिक जीवन-चर्या र पारिवारिक साथै सामाजिक अवस्था कसरी शान्तिपूर्ण पार्ने भन्ने बारे यस सूत्रको आशय केन्द्रित रहेको देखिन्छ । गृहस्थ सम्बन्धि कर्तव्य मध्ये जुनसुकै त्यस्ता नियमहरू छन् जुन यस सूत्रमा छुटेको नै देखिने हुन्छ भनी आचार्य बुद्धघोषले व्यक्त गरेका कुरा स्मरणीय गर्न लायक छ भने सम्राट अशोकले पनि आफ्नो अनेकौं अभिलेखहरूमा यस सूत्रको भावनालाई समेटिएको छ भन्ने विद्वानहरूका कथन स्मरणीय छ ।

दिवंगत श्रद्धेय आचार्य डा. भिक्षु अमृतानन्द महानायक महास्थविरले 'गृही-विनय' (गृह) नाम दिई रचना गर्नुभएको उपरोक्त सुत्त ग्रन्थाकार रूपमा नेपाल भाषा (नेवारी) र नेपाली भाषामा (रूपान्तरकार केशवलाल कर्माचार्य) पटक पटक प्रकाशित भइसकेका छन् । विस्तृतीकरणको रूपमा रचित उक्त पुस्तक पठनीय भएकी जानकारी दिलाउँदछु ।

### आटानाटिय-सुत्त (ग / ३२)

यस सूत्र भूत-प्रेत आदि अमनुष्य भयले रहित हुन, यिनीहरूलाई सन्तुष्ट पार्न राजगृहस्थित गृधकूट पर्वतमा देशना गरिएको हो । यो सूत्र भूत-प्रेतहरूका तर्फबाट रक्षार्थ (रक्षा मन्त्र ?) गरिने पाठका रुपमा प्रचलित देखिन्छ । यसमा धेरै भूत-प्रेत, यक्षहरूका नाम उल्लेख भएका पाइन्छन् । *(यो सुत्त पछि समावेश भएको जस्तो छ-सं.)*



Downloaded from http://www.dhamma.digital

हामीकहाँ महापरित्राण पाठ हुँदा यस सूत्र पाठ गर्ने गरिन्छ ।

### संगीतिपरियाय-सुत्त (ग/३३)

पावा नगरमा चुन्द कर्मारपुत्रको आम्रवनमा बुद्ध विराजमानावस्था, धर्मसेनापति सारिपुत्रले भगवानको सान्निध्यमा एक देखिन दशसम्म बुद्धोपदेश (बुद्धको मन्तब्य सूची) तालिका उपदेशात्मक तवरले ब्याख्या गरिदै लान्छ ।

### दसुत्तर-सुत्त (ग/३४)

बुद्ध चम्मा नगरको गग्गरा पुष्करिणी पोखरीको आस-पासमा विराजमानावस्था, धर्मसेनापति सारिपुत्रले दशोत्तर (एक देखिन दशसम्म) धर्मको कुरा उठाई के कस्ता उपकारक, भावनीय (अभ्यास गरिदै लानुपर्ने) - परिज्ञेय (बुझ्नु पर्ने), प्रहातब्य (त्याज्य, छोड्नुपर्ने), हानभागीय (पतनकारक), विशेषभागीय (अभिवृद्धि), दुष्प्रतिवेध्य (बुझ्न गाऱ्हो), उत्पादनीय (अनुभूति प्राप्ति), अभिज्ञेय (बुझ्नु पर्ने र साक्षात्कारणीय (आत्मसात) हुन्, त्यसका बारेमा राम्रो पाराले विवरण देशना गरिएको पाइन्छन् । यसलाई बौद्ध मन्तब्यका रुपमा पनि मानिन्छ ।

यस सूत्र दीधनिकायको अन्तिम सूत्र हो । यसरी बौद्ध वाङ्मय त्रिपिटकको सूत्रपिटक अन्तर्गत पहिलो भाग (ग्रन्थ) **'दीघनिकाय'** मा संग्रहित गरिएका ३४ वटा सूत्रहरू समाप्ती हुन्छ । (अर्को अंक देखि सूत्रपिटकको दोश्रो ग्रन्थ 'मज्झिम निकाय' भनेको के हो ? त्यस्मा के कस्ता बुद्धको अमृतोपदेश समाहित (उल्लेख्य) भएका छन् ?, साथै उक्त निकायको महत्त्व र विशेषताका बारे क्रमशः प्रकाश (प्रस्तुती) पार्दै लाने कुरा श्रद्धालु पाठकवृन्दहरूलाई सुसूचित गरिन्छ । ■

### भिक्षु विमलानन्द महास्थविर जापान भ्रमणमा

भिक्षु विमलानन्द महास्थविर महान् नारा विहाराधिपतिको निम्रन्त्रणामा यहि जेष्ठ ९ गते देखि जापानको मैत्रीपूर्ण भ्रमण गरि असार १ गते काठमाण्डौमा फर्किनु भएको छ । र साथै वहाँ शिंगापुरमा पनि केहि दिन बस्नु भएको थियो ।

## विपश्यना

✍ सरोज उदास, पोखरा-३

भूत भविष्य नशोचौं
वर्तमानमा चित्त लगाऔं
स्वासमा होस राखौं
आनापान गरौं
शीर देखि पाउसम्म
पाउदेखि शीरसम्म
तीर्थयात्रा होइन
अन्तर्यात्रा गरौं

अनकुलमा राग
प्रतिकुलमा द्वेष नजगाऔं
नित्य होईन
अनित्य बोध जगाऔं
विसम होइन
समताको भाव जगाऔं
समता संतुल्याई राखौं
समता पुष्टयाई राखौं

शीलको पालना गरौं
नियमित समाधि गरौं
कर्ता होइन
द्रष्टा बनौं
कायानुपश्यना
वेदनानुपश्यना
चित्तानुपश्यना
धम्मानुपश्यना गरौं

मन वचन कर्मले
सबैको हित चिताऔं
सम्पूर्ण प्राणीहरूको
मैत्री मंगल कामना गरौं
पश्यना होईन
विपश्यना गरौं
शील समाधि प्रज्ञा
जगाई नै राखौं


Downloaded from http://www.dhamma.digital

# धम्मपद-१२०-१२१

✍ रीना तुलाधर

**परिजिण्णमिदं रुपं - रोगनिड्ढं पभङ्गुरं**
**भिज्जति पूतिसन्देहो - मरणन्तं हि जीवितं**

***अर्थ*** - जीर्ण भएर जाने यो शरीर, रोगको घर भएर रहेको यो शरीर, कुहिएर भग्न भएर जाने यो शरीर हो । बाँची रहेका सबै मरणसँग अन्त भएर जानु पर्ने हो ।

***घटना*** - उत्तरा स्थविरनी एकसय बीस वर्ष उमेरकी भई सकेकी थिइन् । एक दिन उनी भिक्षा गएर भिक्षा प्राप्त गरेर घर फर्की रहँदा बाटोमा एउटा भिक्षुलाई भेटिन् । त्यो भिक्षुसँग भोजन खानु भयो भनी सोधिन् । भिक्षुले आफूले भोजन खाएको छैन भनेकोले उत्तरा स्थविरनीले आफूलाई प्राप्त भएको भिक्षालाई दान दिइन् र त्यो दिन दिनभरि आफू भोकै बसिन् । भोलिपल्ट र पर्सिपल्ट पनि त्यस्तै भयो । उनले बाटोमा भेटेका त्यही भिक्षुलाई आफूलाई प्राप्त भएको भिक्षा दान दिइन् । यसरी तीन दिनसम्म निराहार बसेको कारण उनी कमजोर भईसकेकी थिइन् । चौथो दिनमा भिक्षा जाँदा उनले भगवान बुद्धलाई बाटोमा भेटिन् । त्यहाँनिर बाटो साँगुरो थियो । भगवान बुद्धलाई आदरपूर्वक वन्दना गर्न पछाडी पट्टि लाग्दा बाटो साँगुरो र अप्ठेरो भएकोले आफ्नै चीवरको टुप्पोमा कुल्चेर दुर्बलताको कारणले आफैलाई थाम्न नसकी त्यहीं भुँइमा लडेर टाउकोमा चोट पनि लाग्यो । भगवान बुद्ध उनी कहाँ जानु भयो र त्यहाँ उभिएर भन्नु भयो- "बहिनी तिम्रो शरीर पुरानो र जीर्ण भईसक्यो । छिटै नै यो फटेर विनाश हुनेवाला छ ," यति भन्दै भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो । स्थविरनी उत्तरा त्यहिं नै श्रोतापन्न भइन् ।

× × ×

**यानिमानि अपत्थानि - अलापूने व सारदे**
**कापोतकानि अट्ठीनी - तानि दिस्वान का रति**

***अर्थ*** - शरद ऋतुमा फ्याँकिएको, काम नलागेको लौका जस्तै र फेरि परेवा जस्तै सेतो हाडको डुंग्रो देखेकाले यो शरीरसँग के राग गर्ला ?

***घटना*** - भगवान बुद्ध जेतवन विहारमा बसीरहनु भएको बेलामा पाँचसय भिक्षुहरूले भगवान बुद्धसँग ध्यान भावना सिकी ध्यान अभ्यासको लागि जंगलमा गए । जंगलमा धेरै मेहनतका साथ ध्यान गरेपछि तिनीहरूलाई केही ध्यान प्राप्त भयो । तिनीहरूले आफूहरू सबै अरहत भएँ भनी ठानी आफूहरू प्रव्रजित भएको सफल भयो भनी ठाने । वास्तवमा तिनीहरूले आफूहरू अरहत भएँ भनेर गलत सोचेको थियो । भगवान बुद्धलाई त्यही खबर सुनाउँछौं भनेर तिनीहरू जेतवन विहारतिर लागे ।

जब तिनीहरू जेतवन विहारको बाहिरसम्म आईपुगे भगवान बुद्धले तिनीहरूलाई भित्र आउन नदिनको लागि भिक्षु आनन्दसँग भन्नुभयो- "बाहिर आईपुगेका ती भिक्षुहरूले यहाँ भित्र आएर केही फाइदा गर्ने छैन । बरु तिनीहरूलाई मृत लासहरू फ्याँकिने स्मशानमा पठाइदिनु ।" आनन्द स्थविरले भगवान बुद्धको त्यो सन्देश बाहिर आइपुगेका भिक्षुहरूलाई सुनाइदिनु भयो । ती भिक्षुहरूले पनि भगवान बुद्धले त्यस्तो किन भन्नु भएको कारण केही नसोधी पक्कै पनि कुनै कारण हुनुपर्छ भनी सोची सबैजना मशानतिर लागे ।

मसानमा पुराना लासहरू जसमा खालि हाडहरू मात्र बाँकि थियो ती लासहरू हेरेर ती हाड र अस्थिपञ्जर हुन् भनेर हेर्न सके । तर जब नयाँ नयाँ मासुले भरिएको लासहरू देखे तब उनीहरूको मनमा राग उत्पन्न भयो र भयभीत भए र आ-आफ्नो मनमा क्लेश बाँकि रहेको र आफूहरू अरहत भई नसकेको महसूस गरे । त्यही क्षणमा भगवान बुद्धले गन्धकुटीबाट रश्मि फिजाई आफू स्वयं ती भिक्षुहरूको अगाडि उभिन आउनु भयो । त्यसपछि भन्नुभयो - "भिक्षुहरू ! यस्ता हाडका थुप्रो र लासहरू देखेर मनमा राग उत्पन्न गर्नु उचित छ र ?" धर्म देशनाको अन्तमा ती भिक्षुहरूले अरहत्व प्राप्त गरे ।

त्यसपछि भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

## लुम्बिनीमा बुद्ध-जयन्ती कार्यक्रम

२०५६ बैशाख पूर्णिमा १७ गते । प्रत्येक वर्ष भैं यस वर्ष पनि लुम्बिनीमा बुद्ध-जयन्तीका दिन धर्मोदय कमिटीका तर्फबाट बुद्ध-जयन्ती समारोहमा रथयात्रा, बुद्धपूजा पञ्चशील र प्रवचन भिक्षु विमलानन्द महास्थविरको समुस्थितीमा सम्पन्न भयो । समारोह पश्चात भक्तजनहरूलाई प्रसाद वितरण कार्यक्रम पनि गरियो । उक्त समारोहका लागि काठमाडौंदेखि एवं पाल्पा, बुटवलबाट पाल्नु भएका भक्तजनहरूलाई यातायात व्यवस्था लुम्बिनी धर्मोदय कमिटिबाट गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# सुमंगल भन्तेको अन्त्यष्टि

✎ आशाकाजी सेवक

"बाजेको फोन आयो।"

२०५५ फाल्गुण २३ गते विहान ७:०० बजेतिर मेरो कोटेश्वरको घरमा मेरो नाती कराएको सुनें। मलाई कहाँबाट विहानै फोन आए छ भन्दै फोनको रिसिभर समाउन गएँ। "हेल्लो" भन्ने वितिक्कै दाइ अत्यन्त दुःखको खबर सुनाउँदैछु भनी बनेपाबाट केशवकाजी बैद्यले भन्नु भयो। वहाँको कुराको शुरुवाटबाट मनमा चीसो पस्यो, बनेपामा के भयो ? वहाँले एकछिन रोकेर "भन्तेको स्वर्गवास भयो" भन्नु भयो।

"को भन्ते ?"

"सुमंगल भन्ते !"

"कहिले ?"

"हिजो राती !"

"ए, कसले भनेको ?"

"हो दाइ, आज बिहान सबेरै इन्दिराले फोन गरेको !"



"अब हामीले के गर्नु पर्‍यो ?"

"म आउँछु। तपाई त्यहाँ भृकुटी मण्डपको बुद्ध विहारमा अहिले नै श्रद्धाञ्जलि व्यक्त गर्न जानु होला।"

प्रश्न उठयो। अब वृद्धाश्रम कसरी चलाउने ? सुमंगल भन्तेको याद आयो। वहाँले मलाई आशाकाजी दाइ भन्नुहुन्थ्यो। कसरी अकस्मात निधन भयो ? नपत्याउनु पनि भएन, सम्बन्धित मान्छेले फोन गरेपछि। अप्रिल फस्टको दिन पनि होइन। सुमंगल भन्ते बनेपामा संचालन भइरहेको बौद्ध वृद्धाश्रमको संस्थापक अध्यक्ष हुनुहुन्थ्यो। इन्दिरा मानन्धर महासचिव पदमा हुनुहुन्छ। वहाँको फोन भने पछि विश्वास गर्नै पर्‍यो। केशवकाजी बैद्य र म कार्य समितिका सदस्य हौं। यस कार्यसमितिमा जम्मा १४ जना छन्। दुई दिन काठमाडौंमा आनन्दसाथ बस्न गएको बेलामा यसरी अकस्मात शोक समाचार सुन्दा म अत्यन्त दुखित भएँ। हतार हतारगरी बाहिर निस्कें। तीनकुने बसस्टपमा बस समातें। बसबाट ओर्लिएर भन्तेको बुद्ध विहारतिर लागें। बाटामा झण्डै साइकलसित जम्काभेट भएको थियो। विहारभित्र शोकाकुल उपासक, उपासिका, भद्रभलादमीहरूलाई देखें। बुद्ध विहारको हलमा एउटा ठूलो टेबुलमा स्वर्गीय सुमंगल भन्तेको शब राखिएको थियो। शबमाथि फूलका मालाहरू राखिएको थियो। कहीं धुप बालिराखेको थियो। उपस्थित जनसमुदाय शोकमा डुबेका थिए। अरु दर्शकहरूले जस्तै मैले पनि शबको छेउमा गएर मौनमै हात जोडेर श्रद्धाञ्जलि अर्पण गरें। यही शब राखिएको ठाउँमा बौद्ध वृद्धाश्रमको साधारण सभाहरू बराबर भएको थियो। त्यसबेला सुमंगल भन्ते सभामा भागलिन आउनु भएका सहभागीहरूलाई आउनुहोस्। बस्नुहोस्" भनी औपचारिक स्वागत गर्नु हुन्थ्यो। तर आज वहाँ चीर निद्रामा हुनुहन्थ्यो। हलबाट बाहिर प्राङ्गनमा आएँ, धेरै मित्रहरूलाई भेटें। शोक पुस्तिकामा हस्ताक्षर गरें। केशव बैद्य र रामभक्त कोख श्रेष्ठ बनेपाबाट आइसक्नु भएको रहेछ। भेटघाट गरें।

कुरा सुनें। स्वर्गीय भन्तेको निधन हिजो राती करिब १०:३० बजे हृदय रोगले ७० वर्षको उमेरमा निधन भयो। वहाँलाई अस्पतालसम्म पनि लान भ्याइएन। वहाँ उक्त दिनभरि व्यस्त हुनु भएको थियो। विहान भोजनको लागि आफ्नो घर पाटनमा जानु भई दुई तीन घण्टा बसेर भाइ, बुहारी र परिवारका सदस्यहरूसित गफगरी अपरान्ह पाटनमा वहाँको सम्मानमा आयोजना गरिएको "धर्मबहादुर धाख्वा कल्याणकोष" को समारोहमा भागलिन जानु भयो। उक्त समारोहमा समाज कल्याण कार्य गरेको र बौद्ध धर्ममा सक्रिय भै विश्वमा थेरवादको उल्लेखनिय भूमिकाको उज्ज्वल कार्य गरे वापत सम्मान स्वरूप रु. २५,०००/- पच्चिस हजारको नगद पुरस्कार वहाँलाई दिइयो। त्यसपछि काठमाडौंमा रहेको बुद्ध विहारमा फर्की ध्यानमा बसिरहनु भएका उपासक उपासिकाहरूलाई आशिरबचन दिनु भयो। साँझको बेला बाहिर घुम्न जानुभयो।

सडकमा सुनिए अनुसार बेलुकी ८:३० बजे विहारको मूल ढोकामा वहाँले घचघच्याईरहनु हुँदा विहारमा बसिरहेका मान्छे आएर ढोका खोलेछन्। भन्ते विहारभित्र जानुभयो। राती १०:३० बजे अकस्मात मुटुको रोगले च्याप्यो। एकैछिनमा सदाको लागि चीर निद्रामा पर्नुभयो।

यसरी कुरा सुन्दासुन्दै एउटा सुचना निकालियो। पढेर हेरें। भोलि दिनको १ बजे श्रद्धेय स्वर्गीय भन्तेको शब यात्रा हुनेछ। म मेरा साथीहरूसँग घर फर्कें।



Downloaded from http://www.dhamma.digital

फाल्गुण २४ गते म केशवकाजी बैद्य, प्रेमरत्न शाक्य र राधाकृष्ण खाछिभोयासँग काठमाडौं स्थित बुद्ध विहारमा गएँ। चोकमा श्रद्धालुहरूको भीड थियो। एउटा बोर्डमा स्वर्गीय भन्तेको महत्वपूर्ण तस्वीरहरू टाँसिएका थिए। एउटा भित्तामा वहाँको जीवनी बुँदागतरूपमा टाँसिएको देखें। सरसरति पढ्दा थाहा पाएँ। वहाँको प्रचलित नाम: भिक्षु सुमंगल महास्थविर, जन्म: सन् १९३० मार्च ३० स्थान: पाटन, दिवंगत: सन १९९९ मार्च ७ बेलुकी १०:३० बजे, शैक्षिक योग्यता: श्रीलंकाको विद्यालंकार विश्वविद्यालयबाट "बौद्ध अध्ययन विषयमा" स्नातक, जापानको टोकियो स्थित रिशो विश्वविद्यालयबाट "बौद्ध दर्शन विषयमा" स्नातकोत्तर, बर्माको यांगूनमा विपश्यना ध्यानको विशेष दीक्षा प्राप्त गर्नु भएको रहेछ।

वहाँले सन् १९५९ मा यांगूनमा गएर श्रामणेर हुनु भएको थियो। त्यसबेला वहाँको उमेर २९ वर्षको थियो। वहाँको प्रकाशनमा "बौद्ध भावना" र "ध्यानको परिचय" नामका पुस्तकहरू प्रकाशित भैसकेका रहेछन्।

वहाँले अन्तराष्ट्रिय सम्मेलनहरूमा भागलिनु भएको थाहा पाएँ। बेल्जियममा संयुक्त राज्य अमेरिकाको प्रिन्सटन सिटीमा सन् १९८४ मा भएको "धर्म तथा शान्ति" विषयको तेश्रो विश्व सम्मेलनमा, यस्तै लसएन्जेल, सिओल र बैंककमा सम्पन्न भएको विश्व बौद्ध सम्मेलनहरूमा नेपाली प्रतिनिधि मण्डलमा सहभागी हुनु भएको। नयाँ दिल्ली, मस्को र टोकियोमा सम्पन्न भएको "एसियन बौद्ध सम्मेलनहरूमा" भाग लिनु भयो। यस्तै काठमाडौं, सिंगापुरमा सम्पन्न भएको धर्म तथा शान्ति विषयको एसियाको क्षेत्रीय सम्मेलनहरूमा पनि भाग लिनु भएको थाहा पाएँ। वहाँले धार्मिक क्रियाकलापद्वारा विश्व शान्तिको लागि काम गरिरहेको थाहा पाउँदा मेरो मनमा उहाँप्रति अदम्य श्रद्धा पलाएर आयो।

वहाँको धेरै सामाजिक सेवाहरू जान्ने मौका पाएँ। वहाँ सिद्धार्थ शिशु निकेतन प्राथमिक विद्यालयको संस्थापक, थेरवादी बुद्ध विहार (भृकुटी मण्डपमा अवस्थित छ) को संस्थापक, धर्मोदय सभा (राष्ट्रिय बौद्ध संस्था तथा विश्व बौद्ध भ्रातृत्व संघको) क्षेत्रीय केन्द्रको उपाध्यक्ष, ACRP को संस्थापक निर्देशक, WCRP को सदस्य, धर्म तथा शान्ति प्रतिष्ठान, नेपालको अध्यक्ष, सेइमेइक्यो (उपचार संस्थाको संस्थापक, अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रको संस्थापक निर्देशक, गणवहाल महाविहारको संस्थापक सदस्य, बलम्बुको प्रणिधिपूर्ण महाविहारको प्रमुख, बनेपामा संचालित बौद्ध वृद्धाश्रमको संस्थापक अध्यक्ष मात्र नभै वृद्धाश्रमको पर्यायवाची शब्दनै सुमंगल भन्ते भनेपनि हुन्छ। किनभने वृद्धाश्रमको निर्माणदेखि संचालनसम्म वहाँ तल्लिन हुनुहुन्थ्यो। भन्ते! पैसा चाहियो - म दिन्छु, पैसा माग्नु पर्‍यो - माग्छु, प्राविधिकहरू ल्याउनु पर्‍यो- म ल्याउँछु। यसरी वहाँको सामु वृद्धाश्रमको जस्तोसुकै दु:खको समस्या लाँदा पनि वहाँ सहजै तार्नु हुन्थ्यो। वहाँको निधन भयो। अब आउने वृद्धाश्रमको समस्याहरू तार्ने कस्ले ? वृद्धाश्रम टुहुरो जस्तै भयो।

अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रले वि.सं. २०५४ मा अभिनन्दन गरिएका स्वर्गीय सुमंगल भन्तेले बंगलादेश, भारत, वर्मा, श्रीलंका, थाइलैण्ड, कम्पुचिया, भियतनाम, सिंगापुर, मलेसिया, फिलिपिन्स, दक्षिण कोरिया, जापान, चीन, मंगोलिया, रूस, फ्रान्स, बेल्जियम, जर्मनी, बेलायत, संयुक्त राज्य अमेरिकामा भ्रमण गर्नु भएको कुरा सुनें। सम्झना आयो शब्दहरू "अनुभवको खानी"। जुन स्वर्गीय सुमंगल भन्तेसँग थियो। जन्मेपछि मर्नुपर्छ। यो प्राकृतिक नियम हो। स्वर्गीय भन्ते मुटुको रोगी हुनु भएतापनि जागरुक हुनु हुन्थ्यो, केही शोचि रहनु हुन्थ्यो, धार्मिक काम र सामाजिक काम गरिरहनु हुन्थ्यो, मानव मात्रको शान्तिको लागि काम गरिरहनु हुन्थ्यो, विशेष गरी वृद्ध वृद्धाहरूको लागि नेपालमा नमुना लायकको सेवाको काम गर्ने विचार बनाई बृद्धाश्रमको काममा लाग्दालाग्दै जोश जाँगर छँदैमा दिवंगत हुनु अपूरणीय क्षति हो।

घडी दिउँसोको १:१५ बजे भयो। स्वर्गीय भन्तेको पार्थिव शरीर दाह संस्कारको लागि बुद्ध विहारबाट प्रस्थान गराइयो। अगाडि एउटा जीपमा माइकराखी सुमंगल भन्तेको शवयात्राको नेतृत्व गरिरहेको थियो। त्यसपछि प्लेकार्ड बोकेका श्रद्धालुहरू थिए। बीचमा पार्थिव शब बोकेको मोटर थियो। बीच-बीचमा विभिन्न संघ संस्थाहरूको प्लेकार्डहरू थिए। सबभन्दा पछाडि लावा लस्कर थिए। शव-यात्राको मार्ग बुद्ध विहारवाट नगर परिक्रमा गरी स्वयम्भूको डाँडा परिक्रमा गरी स्वयम्भूको उत्तरतिर सानु खोल्साको छेउमा निर्मित दाउराको चित्तासम्म पुगियो। त्यहीं अन्तीम संस्कारको पुण्यभूमी रहेछ। दुई घण्टाको लामो शवयात्रामा भिक्षु भिक्षुणीहरू, उपासक-उपासिकाहरू, विभिन्न सामाजिक तथा धार्मिक समूहका प्रतिनिधिहरू, बौद्ध


Downloaded from http://www.dhamma.digital

वृद्धाश्रमका सदस्यहरू तथा पदाधिकारीहरूको उपस्थिति थियो ।

यात्रामा बौद्ध झण्डाहरू प्राय:जसो सबैको हातमा देखिन्थ्यो । कहिं हाँसो थिएन, अनावश्यक गफ थिएन, चिच्याहत रोदन थिएन । सबैका सबै शोकाकुल मूडमा, रून्चेस्वरमा, रातोपिरो आँखामा शवयात्रामा गइरहेका देखिन्थे । कोही टोपी लगाएर, जुत्ता लगाएर भाग लिइरहेका थिए भने कोही नलगाई भाग लिइरहेका थिए । मेरो पनि तालु खुइलेको टाउकोमा टोपी नलगाई हिंडदा पनि मलाई तातो घामले पोलेको थाहा भएन । बाटोभरी केटाकेटीहरू शवयात्रामा छरिएका पैसा टिप्न तछाडमछाड गरिरहेका थिए । करिव पाँचशयजना सहभागीहरूले शवयात्रामा भाग लिएका थिए । यस शवयात्रामा महिलाहरूको उपस्थिति अति देखियो । यात्राको क्रममा बाटाका दुबैतिरका सडक र घरका झ्यालहरूमा दर्शकहरू निक्कै देखिए । कतिपयले शोकमा डुबेर श्रद्धाञ्जली व्यक्त गरेका थिए भने कतिले मौन भै हेरिरहेका थिए । कहीं कहीं फूलका गुच्छाहरू स्वर्गीय भन्तेको शवमाथि चढाइरहेकाहरू पनि देखिन्थे ।

मध्यान्हको ३:३० बजेतिर स्वर्गीय भन्तेको शवलाई चितामा राखी भिक्षु र भिक्षुणीहरूको समूहबाट विविध कार्यक्रम संचालन भइरह्यो । परित्राण पाठ गरियो । शील प्रार्थना गरियो । कुन्नि के गरेको अर्थ बुझिएन- एउटा लामो सेतो कपडा भन्तेहरूको आसन जमाइरहेका ठाउँबाट लाससम्म तन्काइयो । के विधि पुऱ्याएको हो ? एकछिन पछि कपडा बटुलेर राखियो । सुदर्शन भन्ते माइक लिएर स्वर्गीय सुमंगल भन्तेका कामहरू, इच्छाहरू योजनाहरू शोकाकुल शवयात्रीहरूलाई सुनाउँदै थिए । यही क्रम चलिरहेको बेलामा एउटा चिल्लो गाडी सडकमा अडियो । त्यस गाडीमा भूतपूर्व प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारी आउनु भएको रहेछ । वहाँले आफ्ना २/३ जना साथीहरूसँग स्व. सुमंगल भन्तेको चितामा अवस्थित लाशमा एउटा फूलको माला समर्पण गरी केही क्षण मौन धारण गर्नुभयो । उनि वहाँ फर्कनु भयो । सुनेको थिएँ, त्यसबेला, सरकारमा बसेका र अन्य राजनीतिक नेताहरू त्यसदिन विहानै बुद्ध विहारमा आई श्रद्धाञ्जली व्यक्त गरेका थिए रे । फेरि सुदर्शन भन्तेको सुमधुर भाषण शुरुभयो । वहाँको भाषणको सार तत्वनै स्वर्गीय भन्तेको योगदानको चर्चा थियो । भन्तेको निधनमा थेरवादमा अपुरणीय क्षति भयो । बुद्ध भगवानको उपदेश अनुसार दु:खबाट मुक्त हुन बौद्ध चरित्र ग्रहण गर्न वहाँले सबैलाई अनुरोध गर्नुभयो । भाषणको अन्तिम चरण पुग्ने बितिकै तीन चार जना युवा भन्तेहरू र दुई तीन जना सहभागीहरू मिलेर दागबत्ती बाल्न शुरु गरे । एकजना कर्मयोगी राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त बौद्ध धर्मावलम्बी पथ प्रदर्शक समाजसेवी नेपाल आमाका सुपुत्र भन्ते सुमंगल महास्थविरको पार्थिव शरिरमा दन दन आगो बल्यो । अरू सबै शोकाकुलहरू किंकर्तव्य विबमुद भै हेरिरहे । ... । ■

## "गौतम बुद्ध हो नाम"

**हरिकृष्ण श्रेष्ठ**, धरान - १२

खुल्ला छानामुनि रहेको ।
चार जात छत्तिस वर्णका ॥
फूलै फूलले सिंगारीएको छ ।
सूर्य चन्द्र साक्षि राखी कर्म गर्नु छ ॥

खोला नाला झरणाले ।
घेरीएको छ देश ॥
जंगल पाहाड सबै छन् ।
पशुपंक्षिको घर ॥

जाल झेल ठूलो सानु ।
जात - भातको कर्म ॥
मन नपरेर एक दिन ।
हिंडे शान्ती खोज्न ॥

प्रकृतीको मनोहरमा ।
घण्टौं मग्न हुने ॥
हिंसा बुढा, बिरामी देखि ।
दिक्क, सान्है मान्ने ॥

समस्या समाधानको ।
खोजी खोजी हिंड्ने ॥
विश्व शान्तीको लागि ।
संधैं सीधा जिवन, उच्च विचार राख्ने ॥

नेपालको लुम्बिनीमा जन्मीएका ।
जन्म भूमी देशलाई उच्च राख्न ॥
ज्ञानको कुरा बांढी रहने व्यक्ती ।
गौतम बुद्ध हो नाम ॥


Downloaded from http://www.dhamma.digital

# धर्म र आध्यात्मिक शान्ति-१

✎ वीर्यवती

निस्वार्थपूर्वक सुखमय जीवन विताउने विधि सिकाउने अमूल्य साधनलाई धर्म भनिन्छ । धर्मलाई आफ्नो जीवनमा प्रयोग गर्न सकेमा यसले हामीलाई एक कर्त्तव्यपरायण धार्मिक र शिक्षित व्यक्ति बनाइदिन्छ ।

महामानव बुद्धको शिक्षा अध्ययन गरेर हेर्ने हो भने एक स्वस्थ धार्मिक व्यक्ति बन्नका लागि भौतिक सुख (शारीरिक सुख) र आध्यात्मिक सुख (मानसिक सुख) दुबैको आवश्यक छ । यी दुबै सुखहरू एक आपसमा परिपूरक छन् । विना भौतिक सुखले आध्यात्मिक सुख प्राप्त गर्न असमर्थ हुन्छ भने आध्यात्मिक सुख विना भौतिक सुखको केही मतलब हुँदैन ।

अब लागौं के हो त भौतिक सुख भनेको ? भौतिक सुख भन्नाले हाम्रो मन सहितको शरीरलाई स्वस्थ र जीवित राख्नका लागि चाहिने आधारभूत आवश्यकता-हरूलाई जनाइन्छ । ती पाँच प्रकारका छन्-

१. आहार अथवा खाना (बाँच्नका लागि खानु पर्ने पदार्थ)
२. बास अथवा घर (शरीर र धन रक्षा गर्नका लागि चाहिने)
३. लुगा (शरीर रक्षा गर्नका लागि चाहिने बस्तु)
४. औषधी (विरामी परेको बेलामा चाहिने तत्त्व)
५. शिक्षा

यी पाँच प्रकारका भौतिक सुखले पूर्ण भइसकेपछि यिनीहरूमा मात्र आशक्त र लिप्त भैरहनु राम्रो हुँदैन । चाहिँदो मात्रामा भौतिक सुख प्राप्त भइसकेपछि हामीले समय समयमा आफ्नो मन (चित्त) लाई चाहिने आध्यात्मिक सुख (मानसिक सुख) को खोजीमा लाग्न आवश्यक हुन्छ ।

बुद्ध शिक्षा अनुसार आध्यात्मिक शान्ति प्राप्त गर्नका लागि ३ तह पार गर्नुपर्छ । ती हुन्- (१) **शील** (२) **समाधी** (३) **प्रज्ञा**

### (१) शील

आफ्नो शरीर, वचन र मनले कुनै पनि प्राणीको शरीर, मन, धन र यशकीर्तिमा हानी नपुऱ्याइकन व्यवहार गर्ने । अर्को शब्दमा भन्ने हो भने आफ्नो शरीर, वचन र मनलाई कुकर्महरूमा नलगाउनका लागि लगाम कस्ने । यसको लागि बुद्धले ५ प्रकारका नियमहरू पालन गर्नुपर्ने सुझाव दिनु भएको छ । यसलाई पञ्चशील भनिन्छ ।

### पंचशील

**क) प्राणीहिंसा नगर्नु:**

आफ्नो स्वार्थ पूर्ति गर्नका लागि अन्य प्राणीहरूको अहित चिताई उनीहरूको मन र शरीर आदिमा हानी नोक्सानी नपुऱ्याउनु ।

**ख) अरूको धन अनुमति विना नलिने:**

आफ्नो स्वार्थ पूर्ति गर्नका लागि अर्काको अधिनमा रहेका चीज वस्तु, धन सम्पत्ति हकवालाको अनुमति विना नलिनु ।

**ग) ब्यभिचार कार्य नगर्ने:**

विवाहित पुरुष वा स्त्रीले आफ्नी पत्नी वा आफ्नो पति वाहेक अरु व्यक्तिमा लोभ दृष्टिले समेत नहेर्ने र अन्य भ्रष्टाचारी, अत्याचारी कार्यहरू पनि नगर्ने ।

**घ) आफ्नो वचनलाई संयम गर्ने:**

आफ्नो स्वार्थ पूर्ति गर्नका लागि अरुलाई हानी हुने गरी चार प्रकारका कुराहरू नगर्नु ।

(i) भूठो नबोल्ने । (ii) चुकली नगर्ने । (iii) कडा वचन नबोल्ने । (iv) काम नलाग्ने वकवासहरु नगर्ने ।

**ङ) मद्यपान नगर्ने:**

आफ्नो शरीर र मनलाई वेहोश पार्ने चीजहरू सेवन नगर्ने ।

यी नियमहरू पालन गर्ने बेला हामीले आफ्नो स्वार्थ पूर्तिका लागि अरूलाई केही भन्नु वा केही काम गर्नु अगाडि त्यही विषय अरूले हामीप्रति प्रयोग गर्दा त्यस कार्य हामीलाई मन पर्छ वा पर्दैन हेर्नु उपयुक्त हुनेछ । यदि आफूलाई मन पर्छ भने मात्र त्यस कार्य अरुप्रति गर्न उचित हुनेछ ।

### २. समाधि:

हाम्रो चित्तले शरीरका पाँचवटा ढोकाहरू (आँखा, नाक, कान, जीब्रो र शरीर) बाट बाहिर गई वाह्य वातावरणको स्पर्श गरी सधैं भौतिक चीज वस्तुमा मात्र आशक्त र लिप्त रही राग★ (आशक्ति र द्वेष■

★ राग- आफूलाई मनपर्ने घटना, व्यक्ति र चीज वस्तुहरू आदिमा आशक्त रही वारम्बार त्यसको चाहना गर्नु ।

■ द्वेष- आफूलाई मन नपर्ने घटना, व्यक्ति र चीज वस्तुहरू आदिबाट असन्तोष भई मनमा घृणा उत्पन्न गरी क्रोधित हुनु, भयभित हुनु, रुनु आदि ।



Downloaded from http://www.dhamma.digital

(क्रोध) जस्ता दूषित भावनाहरू मात्र उब्जाउन रमाउने गर्छ । भौतिक चीज वस्तुहरूमा मात्र भूलिरहने बानीले गर्दा मानसिक शान्ति प्राप्त गर्न गाऱ्हो हुनेछ । त्यसकारण शीलले बाँधिएको मनलाई बिस्तारै शरीरका पाँच ढोकाहरूबाट मनपरि बाहिर डुल्न नदिई आफ्नै शरीरभित्र के भइराखेको छ, सो बारे हेर्ने र जाँच्ने काम दिने । यसको लागि सबभन्दा पहिले आफ्नो "मनलाई" नाकको प्वालबाट श्वास प्रश्वास भित्र बाहिर गरिरहेको गतिविधिलाई हेर्ने मात्र काम दिने । शरीरका पाँच ढोकाहरूबाट बाहिर गई डुलिरहने चञ्चल स्वभावको मनलाई तानी श्वास प्रश्वास हेर्ने काम दिंदा शुरुमा यस मनलाई धेरै नरमाइलो र छटपती त अवश्य हुनेछ । आँखा चिम्लेर बस्दा पनि विभिन्न थरीका सोच विचारमा दगुरीरहने यस मनलाई समाती भित्र बाहिर गरिरहने श्वास प्रश्वासलाई हेर्न नाकको टुप्पोमा राख्ने । यसरी चित्त एकाग्र पार्ने अभ्यास गर्ने । चित्त एकाग्र भएपछि त्यही चित्त (मन) लाई आफ्नो शरीरका हरेक भागमा एकपछि अर्कोमा (टाउकोको टुप्पो देखि पाइतालासम्म) भइरहेको परिवर्तन र अनित्य स्वभावलाई हेर्न लगाउने । यस कार्यमा अभ्यास गरी निपुण भएपछि हामीले यथार्थ ज्ञानलाई अनुभव गर्न सक्ने छौं ।

उदाहरणको लागि मनपरी जतातत्तै बेगले बगी धनजन बिगारिरहेको नदीको पानीलाई बाँध बाँधेर एकै ठाउँमा जम्मा पारिराख्दा त्यस पानीबाट जल बिद्युत जस्ता विभिन्न उपयोगी उर्जा शक्ति निकाल्न सकिन्छ । त्यसरीं नै शरीरका पाँचवटा ढोकाहरूबाट निस्केर जतातत्तै बगेर बाहिरी वातावरण मात्रलाई स्पर्श गरी राग, द्वेष रुपी वातावरण पैदा गरी ब्यर्थमा शक्ति खेर फालिरहने मनलाई शरीर भित्रै थुनी आफ्नो शरीरलाई मात्र अध्ययन गराउन सक्यौं भने यस मनले "यथार्थ सत्य ज्ञान" लाई आफ्नो अनुभवद्वारा पत्ता लगाउन सक्नेछ । बुद्धले धम्मपदमा भन्नुभएको पनि छ-

**"न परेसं विलोमानि न परेसं कता कतं**
**अत्तनो व अवेक्खेय्य कतानि अकतानि च" ।**

**अर्थ-** अर्काले के गऱ्यो के गरेन भनी अध्ययन गरी हिंड्नुभन्दा आफूले के गरें र के गरिन भनी ध्यान दिनु उत्तम ।

यस बुद्ध वचनलाई हामीले जीवनको हरेक क्षेत्रमा अभ्यास गर्दै लान सकेमा आफूलाई सुमार्गमा लान सक्नेछौं । किनभने हामीले आफ्नो मनलाई अर्काले के गऱ्यो के गरेन भनेर जाँचेर हिंड्ने काम दिएसम्म यसले अर्काको दोष मात्र खोतल्दै आफूलाई क्रोध रूपी आगोले पोल्दै हिंड्न थाल्छौं । यस प्रकारको प्रवृत्तिलाई अपनाए सम्म हामीले शान्ति खोज्दा खोज्दै अशान्ति मात्र भेट्टाउने छौं ।

**(३) प्रज्ञा:**

शील र समाधीद्वारा शिक्षित भएको मनमा राग र द्वेष जस्ता कुप्रवृत्तिहरूले ठाउँ छाड्दै जाने हुन्छ । प्रकाश भएको ठाउँमा अन्धकार स्वत: हटेर जाने जस्तै यथार्थ ज्ञान (प्रज्ञा) ले ठाउँ लिएको मनमा असल र खराब कार्यहरूलाई छुट्टाउन सक्ने क्षमता उत्पन्न हुन थाल्छ । यसरी अज्ञानतालाई हटाउन सक्ने क्षमता भएपछि त्यस ब्यक्तिले "राम्रो कार्य गरेको खण्डमा त्यस कार्यको राम्रो फल आफैले भोग्न पाउने र नराम्रो कार्य गरेको खण्डमा त्यसको नराम्रो फल पनि आफैले भोग्नु पर्छ भन्ने "कर्म र कर्मफल" बारे यथार्थ ज्ञान पनि बुझ्न सक्ने हुन्छ ।

यसरी यथार्थ ज्ञानहरूको बोध भइसकेको त्यस ब्यक्तिले प्रज्ञाको अर्को खुड्किलो "संसारमा जति पनि सजीव र निर्जीव प्राणीहरू र वस्तुहरू छन्, तिनीहरू सबै नाश हुँदै गइरहेका छन् अर्थात् नाशवान् छन् भन्ने विषयमा पनि यथार्थ ज्ञान खुल्नेछ । संसारको अनित्य स्वभावलाई भित्री मनले बुझिसकेको ब्यक्तिको मन कुनै चीजवस्तु र ब्यक्ति विशेषमा टाँस्दैन । फलस्वरूप उसले राग र द्वेष जस्ता कुभावना श्रृजना गर्नु नै ब्यर्थ ठान्छ । यसरी राग र द्वेष रहित चित्तलाई नै हामीले निर्दोषी, मुक्त, शान्त र निर्मल चित्त भन्न सक्छौं । हामीले आफ्नो मनलाई यसरी नै शुद्ध र निर्मल पार्न सकेको खण्डमा मात्र यस मनले आध्यात्मिक ज्ञान प्राप्त गरी मानसिक सुखलाई प्राप्त गर्न सक्नेछ ।

यसरी शील र समाधिको अनुशरणले प्रज्ञा प्राप्त गरी कसरी सत्य सुखलाई प्राप्त गर्न समर्थ भइन्छ भन्ने विषयमा एक कथा यहाँ उल्लेख गर्न चाहन्छु । हुनत यो कथा आनन्दभूमि पत्रिकामा पहिला पनि उल्लेख गरिसकेको थियो । तैपनि हालको प्रसंगमा मिल्ने गरी यस घटनालाई यहाँ उल्लेख गर्दैछु ।

पहिला तिब्बत स्थित ल्हासामा तानमा कपडा बुन्ने एक मानिसको धेरै छोराहरू थिए । उ इमान्दार र मेहनती थियो । फलस्वरूप उसले रातदिन आफ्नो तानमा कपडा बुन्दा बुन्दै थुप्रै धन कमाए । उ थुप्रो धन कमाएर महाजन बन्यो । त्यतिञ्जेल उसका छोराहरू जवान भैसकेका थिए । त्यसैले विवाह योग्य सबै छोराहरूलाई कुल घरानका छोरीहरू विवाह गरी दिए । यसरी


Downloaded from http://www.dhamma.digital

महाजनले आफ्ना श्रीमती, छोराहरू र बुहारीहरूसंग रही सुखपूर्वक दिन बिताइरहे । यसलाई नै उसले स्थायी सुख सम्झे त्यसैले साँच्चैको स्थायी मानसिक सुख (आध्यात्मिक सुख) लाई खोज्न बिर्सेछ उसले । तर जब उ ८९ वर्षको भयो, बुढोको श्रीमती परलोक भइन् । आफू बुढो भएकोले भात पकाएर खाने शक्ति थिएन उसमा । त्यसैले बुहारीहरूले पालोपालो गरी भात पकाएर खुवाउन थाले । बुढोको उमेर झन झन चढ्न थाल्यो । काम पनि गर्न सकेन । कमाउन पनि सकेन । बरू बुढोको लागि खर्च मात्र हुन थाल्यो । त्यसैले घरका सदस्यहरूलाई बुढो काम नलाग्ने बोझ जस्तो अनुभव हुनथाल्यो । त्यसैले परिवारले उसलाई हेप्न थाल्यो । वास्ता गर्न छाडे । अनि बुढोको चित्त दुख्न थाल्यो । उसले विचार गऱ्यो - "मैले त्यत्रो वर्ष मेहनत गरी रात दिन तानमा कपडा बुनी यही छोराहरूलाई हुर्काएँ, बढाएँ । तर अहिले यिनीहरूले नै मलाई हेप्न थाले । बुढो भएपछि झन यिनीहरूले माया गर्लान्, सेवा र सम्मान गर्लान् भन्ने ठानेको त यी बैगुणीहरूले त झन ममाथि यस्तो दुर्व्यवहार पो गर्दा रहेछन् ए ।" यसरी चित्त दुखाउँदै उसको मनले शान्ति लिन सकेन । सधैं अशान्ति र असन्तुष्ट भइरहेको मनले आफ्नो द्वेष भावना प्रकट गर्न थाल्यो । रिसाउने र झर्कने व्यवहार गर्न थाल्यो उसले आफ्ना छोरा बुहारीहरूसंग ।

सधैंको यस्तो व्यवहारले छोरा बुहारीहरू दिक्क माने । उनीहरू सबै मिलेर सल्लाह गर्न थाल्यो - "यो बुढो घरमा बसेसम्म यस्तै अशान्ति भइरहनेछ । यसलाई घर पछाडीको वगैंचामा एउटा कुटी बनाई त्यहीं राखिदिनु पऱ्यो । बरु बिहान बेलुकी बुहारीहरूले पालै पालो खाना खुवाउन लानु पर्ला ।"

यस प्रस्तावलाई उनीहरू सबैले स्वीकार गरेर बगैंचामा कुटी बनाई बुढोलाई त्यहिं राख्न लगे ।

यसरी आफू एक्लैलाई कुटीमा फाल्न ल्याएकोले बुढोको चित्त ज्यादै दुख्यो । झन मनमा अशान्ति थपियो । तर बुढोले त्यतिखेर गर्न सक्ने केही होइन । बरु मन खिन्न पारी लामो सुस्केरा हाल्दै टाउकोमा हात राखी गहभरि आँसु पार्दै रुन थाल्यो विचरो । आफूलाई खुवाउन ल्याएको खाना पनि मन लागे खायो, मन नलागे खाएन । दिनभरि झुक्रिएर बस्न थाल्यो त्यो बुढो । उसले आफ्नो मनको असन्तोष भावना रिसाउँदै खेदाएर, रोएर प्रकट गर्न थाल्यो । तर यसले छोरा बुहारीहरूमा झन घृणा मात्र थपिदियो । कसैले वास्ता गरेनन् बिचरो बुढोलाई । यसरी भौतिक सुखको चाहना (राग) गर्दागर्दै दुःख मात्र थपिन पुग्यो त्यसलाई ।

एकदिन एउटा भिक्षु घर मुनिबाट आइरहेको बुढोको छोरा बुहारीहरूले देखेछन् । उनीहरूले त्यस भिक्षुलाई बोलाई आवश्यक मान सत्कार गरी दान दिए । त्यसदिन घाम अस्ताइसकेको हुँदा उनीहरूले घरमै रात बिताउन हुन भिक्षुलाई आग्रह गरे । तर भिक्षुले घरमा नसुत्ने नियम पालन गरिराखेको कुरा जानकारी गराउनु भयो । त्यसैले उनीहरूले भिक्षुलाई बगैंचामा सुत्ने प्रबन्ध मिलाईदिए । बगैंचामा अँध्यारो हटाउनका लागि एउटा टुकी पनि बालिदिए । बुढोले राती बगैंचामा टुकीको प्रकाशलाई देखेर आश्चर्य मान्दै कुटीबाट बाहिर निस्के । भिक्षुलाई देख्ने वित्तिकै बुढोले वन्दना (नमस्कार) गरी एकतर्फ बसी उहाँको परिचय माग्यो । भिक्षुले आफ्नो परिचय दिनुहुँदै बुढोको परिचय माग्नु भयो ।

बुढोले बल्ल मनको दुःख पोख्न पाएको । आफ्नो सबै दुःख वृत्तान्त सुनाए भिक्षुलाई । बुढोले रुँदै आफ्ना छोरा बुहारीहरूले हेपेको कुरा सुनाएपछि भिक्षुले भन्नुभयो- "बुढा बा ! तपाईले त त्यति सानो कुरामा पनि चित्त दुखाउँदै दिन बिताइरहनु भएको रहेछ । छोराबुहारीहरूले मान सत्कार गराउने नक्कली भौतिक सुखको चाहना गर्नु भएको रहेछ तपाईंले । तर त्यो सुख त साँचो सुख होइन । तपाईंले त अहिले साँचो र सत्य मानसिक सुख (आध्यात्मिक सुख) को खोजी गर्न हतार भैसक्यो । जब आध्यात्मिक सुख प्रांप्त गर्नु हुनेछ, तब तपाईले कहिल्यै रुनु पर्ने छैन । त्यस्तो सुख मन पर्छ कि मन पर्दैन तपाईंलाई ?"

यो कुरा सुनी बुढोले भन्यो– "किन मन नपराउनु ? त्यस्तै सुख खोजेको त हो नि मैले पनि । तर के गर्नु ? मैले आफूसँग शक्ति भएको बेलामा आफ्नो मन शुद्ध पार्ने काम गर्न सकिन । बुढो भएपछि बल्ल यसको महत्त्वलाई बुझें । उपाय त खोजेको हुँ तर फेला पार्न सकिन । जति सुख खोज्छु त्यत्ति दुःख मात्र फेला पार्छु । के भएको त्यो ?"

भिक्षुले भन्नुभयो– "तपाईंले दुःख पछि लाग्दै आउने नक्कलि सुख (भौतिक सुख) लाई सक्कलि सुख ठानी त्यसको चाहना गर्नुभयो । अनि कहाँबाट सुख पाउनु हुन्छ त ? ल अब मैले भने जस्तै गर्नुस् अनि सक्कलि सुख पाउनु हुनेछ ।"

*क्रमशः ...*


Downloaded from http://www.dhamma.digital

# पवित्र भूमि लुम्बिनी-योजना र प्रगति - ३

✎ **देवेन्द्रराज शाक्य**, बुटवल

कोरियन बुद्धिष्ट महावोधि सोसाइटी, दक्षिण कोरियाद्वारा डे सुङ्ग सुक गा सा कोरियन बुद्ध मन्दिरको प्रथम चरणको निर्माणको काम प्रारम्भ भएको छ । दक्षिण कोरियाद्वारा नै निर्माण गरिएको अर्को कार्य अतिथी निवास भवन चालु रहेको छ । हाल यस अतिथि निवास भवनको दोस्रो तल्लामा बुद्ध मूर्ति राखि नित्य पूजा-आजा गरिदैं आएको छ । मुख्य मन्दिरको निर्माण कार्य सम्पन्न भएपछि यहाँ रहेको बुद्ध मूर्ति उक्त मन्दिरमा प्रतिष्ठापित गरिनेछ ।

शोक्यो, जापानद्वारा निप्पोन देरा बुद्ध मन्दिरको निर्माण कार्य भईरहेको छ । जापानी शैलीमा जापानको नारा, क्योटो शहरमा भएको बुद्ध मन्दिरको नमुना अनुसार निर्माण भईरहेको यस मन्दिरमा कमलको फूलमा आसिन ६ फिट अग्लो तामाको बुद्धको मूर्ति राखिनेछ । साथै मुख्य बुद्ध मूर्तिको दायाँ बायाँ ५०/५० वटा गरी १०० वटा २ फिट अग्लो बुद्ध मूर्ति पनि राखिने छ । यसका अतिरिक्त १०० वटा पञ्च बुद्धको मूर्ति पनि राखिने छ । सन् २००० सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष राखिएको यस मन्दिरभित्र एक पटकमा १ हजार व्यक्ति अटाउने पुजा स्थल रहनेछ । मुख्य मन्दिरको निर्माणकार्य समाप्त भएपछि अन्य २ वटा स्तुप पनि निर्माण गरिने योजना रहेको कुरा निर्माण कार्यमा संलग्न जापानी इन्जिनियर के. शिवाता बताउनु हुन्छ ।

महावोधि सोसाइटी अफ इन्दिया, कलकत्ताद्वारा महावोधि बुद्ध विहार, लुम्बिनीमा निर्माण भईरहेकोछ । ८०X८० मी. क्षेत्रफल भित्र निर्माण भइरहेको विहारको लम्बाई ८६ फिट र उचाई ४८ फिटको हुनेछ । यस विहारमा मुख्य बुद्ध मूर्तिका अतिरिक्त ध्यान केन्द्र दानशाला, पुस्तकालय एवं अतिथी निवास आदि रहनेछ ।

यस्तै अन्तर्राष्ट्रिय गौतमी भिक्षुणी विहार, लुम्बिनीको नाममा धर्मकीर्ति विहार काठमाडौंको सकृयतामा चैत्य एवं धर्मशाला निर्माण गरिएकोछ । चैत्य मुनि हलमा राजकुमार सिद्धार्थ, भगवान बुद्ध, महामायादेवी एवं प्रजापति गौतमीको प्रतिमा स्थापित गरिएको छ । चैत्यको अगाडि पोखरी निर्माण गरी त्यसमा कमलको फूल फुलाइएको छ । चैत्य एवं धर्मशाला निर्माण कार्य सम्पन्न भएको उपलक्ष्यमा २०५४ माघ २८ र २९ गते दुई दिन महापरित्राणपाठ गरिएको थियो । साथै यसै विहार क्षेत्र भित्र ज्यापु महागुठीको तर्फबाट पलेस्वाँ पुखु (कमल पोखरी) पनि निर्माण भइरहेको छ ।

थाई बुद्ध मन्दिर, थाइल्याण्डको तर्फबाट ८०X८० मि. को क्षेत्रफलमा थाइशैलीमा आकर्शक भिक्षु निवास निर्माण कार्य सम्पन्न भएको छ । १२०X१२० मि. क्षेत्रफलमा मुख्य बुद्ध विहार निर्माणको लागि शिलान्यास भैसकेकोछ ।

लुम्बिनी विकास कोषसंग सबैभन्दा पहिला सम्झौता भएको धर्मोदय सभाद्वारा निर्माण गरिने स्तुप, गुम्बा, विहार मध्ये स्तुपको निर्माण कार्य आधा भएकोछ भने अरुको लागि जगसम्म राखिएकोछ ।

लुम्बिनीको विकास जुन गतिमा हुनुपर्ने थियो त्यस अनुरुप विगतका वर्षहरूमा नभएको सत्यलाई नकार्न सकिदैन । प्रजातन्त्र पुनः प्राप्ति पछि पनि राजनैतिक प्रतिबद्धताको अभावको कारण यस गतिशिलता आउन सकेको छैन । लुम्बिनीको विकास तीव्र गतिमा गरी विश्व पर्यटकलाई आकर्शित गरी विदेशी मुद्रा आर्जन गरी देशकै कूल आयमा वृद्धि गर्ने हो भने दृढ राजनैतिक प्रतिबद्धता, राजनैतिक हस्तक्षेप, राजनैतिक (सत्ता) परिवर्तनका साथै विकास कोषका पदाधिकारीहरूको परिवर्तनको अन्तगरी पूर्ण समयसम्म काम गर्न समय दिनु पर्ने, कोषलाई पूर्ण स्वायत्तता प्रदान गर्ने, यस क्षेत्रमा निर्माण भईरहेको अनेक योजनालाई आवश्यक भौतिक पूर्वाधार तयार गर्न अत्यन्त जरुरी छ । उपर्युक्त कुरामा ध्यान पुऱ्याई भएका विसंगती हटाउने हो भने छोटो समयमै यसको विकास तिब्र गतिमा हुने कुरामा विस्वस्त हुन सकिन्छ ।

यस क्षेत्रमा भएको हत्या र बारम्बार चोरीको घटनाले विभिन्न निर्माण कार्यमा संलग्न स्वदेशी तथा विदेशी नागरिकहरूलाई शान्ति सुरक्षाको प्रत्याभूति दिन सकिरहेको छैन । प्रहरीको संख्यामा वृद्धि गरी, निरन्तर, सकृयताकासाथ गस्ती गरिएता पनि यस्ता घटनामा कमी आएको छैन । अपराधिक घटनामा बृद्धि भएको छ । यस क्षेत्रको शान्ति सुरक्षाको लागि शाही नेपाली सेना नै तैनाथ गराउनु पर्छ भन्ने बारम्बार माग भइरहेकोले यस तर्फ कार्यान्वयन गर्न सम्बन्धित पक्षले अब ढिलाई गर्नु हुँदैन ।



Downloaded from http://www.dhamma.digital

संयुक्त राष्ट्रसंघीय क्षेत्रिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को इटलीको नेपल्समा सम्पन्न विश्व सम्पदा समितिको २१ औं बैठकले भगवान बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व सम्पदा सूचिमा सूचिकृत गरेको सुखद समाचारले विश्वका सम्पूर्ण बौद्ध धर्मावलम्बी लगायत सम्पूर्ण नेपालीहरू गौरवान्वित हुन्। यसबाट लुम्बिनीको विकासको गतिमा गतिशिलता वृद्धि गर्न थप हौसला प्राप्त भएको छ।

बुद्ध नेपालको लुम्बिनी उपवनमा जन्मेको हो भनी आज भन्दा २३ सय वर्ष अगाडि सम्राट अशोकद्वारा निर्मित स्तम्भमा स्पष्ट किटान गरिएको, लुम्बिनीमा हालैको मायादेवी मन्दिरको उत्खनन्बाट बुद्ध जन्म स्मरण शिला प्राप्त भएको घोषणा सरकारी स्तरबाट स्वयम् देशको प्रधानमन्त्रिबाट सार्वजनिक भईसकेको तथा संयुक्त राष्ट्रसंघीय शैक्षिक, बैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले लुम्बिनीलाई विश्व सम्पदा सूचिमा सूचिकृत गरेको समाचार सार्वजनिक भइ सक्दा पनि यस सम्बनी भ्रम र विवाद श्रृजना गर्न खोजिएको छ। त्रि.वि.वि. को वि.ए प्रथम वर्षको अनिवार्य अंग्रेजी विषयको पाठ्य पुस्तकमा बुद्ध सम्बन्धी भ्रमपूर्ण कुरा लेखिएको जानाजानी यसलाई पाठ्यक्रममा समावेश गरिएकाले यो तथ्य स्पष्ट हुन आउँछ। यसको व्यापक विरोध भइरहेको तथ्यलाई ध्यानमा राखी त्रि.वि.वि.को सम्बन्धित निकायले यसलाई तत्काल हटाउनु पर्छ वा आवश्यक संशोधन गरी मात्र पाठ्यक्रममा समावेश गराउनु पर्ने तर्फ पुनः ध्यानाकर्षण गराइएको छ।

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारका बाहुलीबाट लुम्बिनीमा यहि २०५५ मंसीर १५ र १६ गते सम्पन्न भएको विश्व बौद्ध शिक्षा सम्मेलनको समुद्घाटन गरिबक्स्यो। उक्त शिखर सम्मेलनमा करिव २८ राष्ट्रका ४०० भन्दा वढी स्वदेशी तथा विदेशी प्रतिनिधिहरूले भाग लिएका थिए। यस सम्मेलनको मुख्य नारा 'लुम्बिनी विश्व शान्तिको मुहान' रहेको छ। मायादेवी मन्दिर, अशोक स्तम्भ, शाक्य पुष्करिणी परिक्रमाको लागि टायल छापिएको छ। लुम्बिनी उद्यान क्षेत्रको चारैतिरको बाटोको मरमत कार्य भएको छ। लुम्बिनी पवित्र क्षेत्र (मन्दिर क्षेत्र) प्रवेश गर्ने मुख्य बाटोमा पक्की पुलको निर्माण कार्य सम्पन्न भएको छ। हाल जुन रुपमा तदारुकताकासाथ कार्य भइरहेका छन् त्यसलाई निरन्तर दिन सके छिट्टै नै योजनाको लक्ष्यसम्म पुग्न सकिने कुरामा शंका रहने छैन।

हालसम्ममा भएको विश्व बौद्ध शिखर सम्मेलनबाट विश्व समुदायको ध्यान आकृष्ट भई यसको विकासका लागि पर्याप्त सहयोग प्राप्त हुने आशा एवं विश्वास गरिएको छ। भवतु सब्ब मंगलम्।

॥ अस्तु ॥

## "गरौं आजै संकल्प'

✏ **सुधन शाक्य**, चैनपुर, शं.स.

गगनमा छरिएका तारा वीच चन्द्र झैं,
भूगर्भमा लुकेका जुहारतकण झैं,
मानव अस्थिपञ्जर भएर पनि
अहिले सुन्दर तर क्षणभरमै
दुर्गन्धको भण्डार यो देह।

अस्तित्व अति भएझैं,
अमर यो नभएको।

हावामा उडिरहेको बादलको डफ्फा झैं
एकै क्षणमा कता पुग्छ कता।
पिंडालुपातमा छल्किएको थोपाझैं,
पलभरमै हावाको झोंक्काबाट माटोमा मिल्ने,
कस्तो होला मानव जिन्दगी।

रिस, राग, लालच अनी
काम-भावना आदी जडित यो,
दुइदिनको घाम-छाँया मात्रै हो जिन्दगी।

त्यसैले,
मनको वशमा होइन कि मनलाइनै
वशमा लिन,
गरौं आजै संकल्प
दृढ़ संकल्प।



Downloaded from http://www.dhamma.digital

# बौद्ध सम्राट अशोक एवं कनिष्कका धर्म निरपेक्षता-२

**अनु. विजयराज बज्राचार्य**

अशोकले यद्यपि आफ्नो शिलालेखहरूमा "धम्म" का प्रचार-प्रसारको लागि अनेक स्थलहरूमा चर्चा गरेका छन् तर कहि पनि उसलाई बौद्ध धर्मको लागि प्रयुक्त गरेन । यसैले केहि विद्वानहरूले प्रारम्भमा अशोकलाई बौद्ध धर्मावलम्बी हुनुमा संदेह व्यक्त गरेको थियो । अशोकले जुन "धम्म" को व्याख्या गरेका छन् त्यो त शुद्धधर्म थियो र यसैले त्यो सार्वजनिक र सार्वकालिक थियो । यो भन्नु आवश्यकता छैन कि शुद्ध धर्म स्वत: आफै निरपेक्ष हुन्छन् । त्यो त सर्वथा लोक-कल्याण्यकारी हुन्छन् । व्यावहारिक जगतमा हामी अनेक धर्महरूको नाम सुन्दछौं जस्तो - हिन्दू, जैन, बौद्ध, ईसाई, इस्लाम आदि । यदि हामी किंचित् चिन्तन गरौ त वास्तवमा यी धर्महरूको नाउँ होइन बस मात्र 'सम्प्रदाय' हुन् जसलाई हामी धर्महरूको संज्ञा दिएर बसिराखेका छौं । यी सम्प्रदायहरूको आफ्नो सिद्धान्त, देवता, पूजा-मन्त्र, भेष-भूषा तथा परम्पराहरू इत्यादि विकसित छन् । केहि अहिंसावादी छ त केहि हिंसामा बिश्वास गर्दछ । यसरी नै ईश्वरवादी तथा अनीश्वरवादी पनि छन् । यी सम्प्रदायहरूमा अनेक भेद-प्रभेद पंथ, उपपंथ छन् । हामीले त्यसमा व्याप्त निष्प्राण परम्पराहरू एवं खोक्रो कर्मकाण्डहरूलाई नै धर्म मानिराखे एवं त्यसमा गहिरो आस्था लगाएर बसिरहे । हामी यहाँ धर्मनिरपेक्षतामा विचार गर्दैछौं जुन अनुपयुक्त प्रतीत हुन्छन् । सामान्य भाषामा यहाँ धर्मनिरपेक्षताको तात्पर्य सम्प्रदाय निरपेक्षतासंग छ । हामी वास्तवमा अशोक एवं कनिष्कको सम्प्रदाय निरपेक्षतामा नै विचार प्रस्तुत गर्न चाहन्छौं ।

अशोकको शिलालेखहरूमा सम्प्रदायको लागि "पाखण्ड" शब्दको नै प्रयोग गरिएको छ न कि धर्मको । जस्तो कि हामीले माथि भनिसक्यौं धर्म वा धम्मबाट अशोकको तात्पर्य विशुद्ध धर्मसंग थियो । उसले धम्मको व्याख्या आफ्नो द्वितीय स्तम्भ लेखमा यसरी गरेका छन् "धम्मे साधु । कियं चु धम्मे ति ? अप्पसिनवे, बहुकयाने दया दाने सोचये ।" अर्थात् धर्म साधु हुन् । धर्म के हो ? अल्प-पाय, धेरै यान कल्याणहरूमा, दया-दान र पवित्रता । अशोक सधैं यसै धम्मको प्रचार-प्रसारमा बल दिदै रहे । प्रथम स्तम्भ अभिलेखमा उसले आफ्नो शासनको लक्ष्यको पनि उल्लेख गरेको छ । उनी भन्छन् "धर्मद्वारा प्रज्ञा पालन, धर्मद्वारा संविधान, धर्मद्वारा प्रजालाई सुखी बनाउनु (राख्नु) र धर्मद्वारा प्रज्ञाको रक्षा गर्नु नै हाम्रो लक्ष्य हो । "एस हि विधि इयं धम्मेन पालना, धम्मेन विधाने, धम्मेन सुखीयता, धम्मेन गोतीति" । यस धर्मको प्रसार हेतु उनी आफ्नो शीर्षस्य अधिकारिहरू, यथायुक्त राज्य कर्मचारी तथा प्रादेशिक राज्याधिकारीहरूलाई पाँच पाँच वर्षको लागि खटाइन्थ्यो वा जानको लागि आदेश दिइन्थ्यो यसैले उसले आफ्नो भ्रमणमा धर्मानुशासनको व्यवस्था गरूँन् । तृतीय स्तम्भलेखमा यस धर्मानुशासनको कुराहरू स्पष्ट छन् । जुन यसरी छ- "साधु मातरि च पितरि च सुश्रुसा मित्रसंस्तुत श्राहीनं ब्राह्मणं समणानं साधु दानं प्राणानं साधु अनारामो अपव्ययता अपमाण्डता साधु" अर्थात्-आमा बाबुको हेर-विचार गर्ने साधु हुन् । मित्र, परिचित ब्राह्मण श्रमणलाई दान दिने साधु हुन् । प्राणिहरूको हत्या (वध) नगर्ने साधु हुन् । अल्पव्यय तथा अल्पग्रही हुने साधु हुन् ।" अशोकको सधैं यही कामना रहेको छ कि सबै सम्प्रदायको मानिस पारस्परिक सद्भावनासंगै राज्यमा सर्वत्र सुखपूर्वक निवास गरुँन् । बाह्रौं शिलालेखमा अशोकले यसै कुरालाई निम्नलिखित शब्दहरूमा भनेका छन्- "देवानं पिय पियदसि राजा सवपासंडनि च पवजितानि च धरस्तानि च पूजयति, दानेन च विवाधाय च पूजयति ने । न तु तथा दानं व पूजा व देवानां पियो मन्यति यथा- साख अस सव पाषण्डानं । साखड़ी तु बहुविधा तस तु इदं मूलं यं वचगुती । किं तिआतमपाषण्ड पूजा परपाषण्डगरहा नो भवे अप्रकरहि- लहुका व अस तम्हि तम्हि प्रकरणे । पूजेतया तु एवं परपाषण्डा तेन तेन प्रकरेण । एवं करु आत्मपाषण्डं च बह्यति, परपाषण्डं च उपकरोति । तदम्य करोन्ते आत्मपाषण्डं च छणति परमाषण्ड स च पि अपकरोति- समवायो एव साधु । किं ति ? अंजमंजस धम्मं सुणरु च सुनसुसेरं च "अर्थात् देवानं प्रियदर्शी राजा सबै पाखण्डहरू सम्प्रदायहरूको पूजा, दान दिएर तथा अन्य विविध प्रकारले गर्दछ किन्तु दान र पूजालाई देवानं प्रिय त्यति महत्वपूर्ण मान्दैन्थ्यो जति यस कुरालाई कि सबै सम्प्रदायहरूमा उसको धर्मको सार तत्वका वृद्धि



Downloaded from http://www.dhamma.digital

होस् । सार-वृद्धि कति प्रकारको हुन सक्छ । यसको मूल हुन् "वचन-संयम" । कसरी ? अनुचित अवसरहरूमा आफ्नो सम्प्रदायको प्रशंसा र अरू सम्प्रदायको निन्दा गर्नु हुँदैन । केहि मात्रामा गर्न सकिन्छ, त्यो पनि उचित अवसरहरूमा मात्र । तर ती अवसरहरूमा पनि अरु सम्प्रदाय पूजननीय छन् । यस्तो गरेमा नै मानिस आफ्नो सम्प्रदायको वृद्धि गर्दछन् र अरू सम्प्रदायको उपकार । यसको विपरीत गर्दै आफ्नो सम्प्रदायलाई त क्षीण गर्दछन् नै र अरू सम्प्रदायको उपकार पनि । जुन कुनै आफ्नो सम्प्रदायको पूजा गर्दछ तथा अरू सम्प्रदायको निन्दा गर्दछ त्यो सबै आफ्नो सम्प्रदायको अभिवृद्धिको लागि यस्तो गर्दछन् तर यस्तो गर्दै गरेका मनुष्य आफ्नो सम्प्रदायलाई धेरै हानि पुऱ्याउँछ । यसैले समन्वय, समवाय साधु हुन्" । अशोकले यस्तै प्रकारको भावना आफ्नो सप्तम शिलालेखमा पनि यसरी गरेको छ- "देवानां पियो पियदसिराजा इछति सवे पाषण्डा बसेयु । सवेते संयमं च भावशुद्धि च इछति । जनो तु उचाउच छन्दो उचाउच रागो । ते सर्व व कासन्ति एक देसं व कासन्ति । विपुले तु पि दाने यस नास्ति । संयमे भाव सुचिता व कतनता व दड़मतिता च निचावाढं "अर्थात् देवानां प्रियदर्शीको इच्छा छ कि सर्वत्र सम्प्रदाय निवास गरूँन । ती सबै संयम र भावशुद्धि चाहन्छन् तर मानिसहरूको ऊँचा-नीचा विचार र भावना हुन्छन् । तीनले या त सम्पूर्ण कर्तव्य पालन गर्दछन् अथवा त्यसको अंश । जसले धेरै नै दान दिएको छ तर यदि उसले संयम, भावशुद्धि, कृतज्ञता दृढ-भक्ति छैन भने त्यो दान निश्चय नै निम्नकोटिका हुन् ।

सबै सम्प्रदायहरूको कल्याण तथा त्यसमा धम्मको प्रतिस्थापनाको उद्देश्यले धर्म-महाभाव नामक अधिकारिहरूको नियुक्ति गरेको थियो । शिलालेख-५ । धर्मसंग सम्बन्धित उसले "धर्ममंगल", "धर्मदान", धर्म अनुग्रह" इत्यादिको कुराहरू भनेका छन् । धर्ममंगलको उद्देश्यको विषयमा आठौं शिलालेखमा सम्राटले यसरी आफ्नो उद्‌गार व्यक्त गरेका छन् । "दास-दासीको प्रति उचित व्यवहार, गुरुहरूको उचित समादर, प्राणि हिंसामा संयम, ब्राह्मण श्रमणलाई दान इत्यादि नै यस प्रकारको पुण्य कृत्य नै धर्ममंगल हुन् । "दास भटकम्हि सभ्यप्रतिपति, गरु नं अपिं-चति साधु, पाणेसु संयमो साधु, ब्राह्मणसमणानं साधु दानं, एतं च अयं च एतारिसन धम्ममंगलं नाम ।"

यसरी शिलालेख एघारौंमा उहाँले भनेका छन् कि "यस्तो कुनै दान छैन जस्तो धर्मदान, यस्तो कुनै मित्रता छैन जस्तो धर्म-मित्रता, यस्तो कुनै उदारता छैन, जस्तो धर्म उदारता छन्, यस्तो कुनै सम्बन्ध छैन जस्तो धर्म-सम्बन्ध नास्ति एतानि स दानं यारिसं धम्मदानं, धम्मसंस्तवो वा धम्म सम्विभागो, धम्म सम्बन्धो व ।" सम्राटको अनुराग सबै धर्महरूको प्रति समान थियो । उनी सबै सम्प्रदायहरूको अनुष्ठानहरूमा स्वयं उपस्थित भएर त्यसको समुचित पूजा एवं अभ्यर्थना गर्दथ्यो । छैठों शिलालेखमा उसले यस कुरालाई यसरी अंकित गरेको छ- "सव्व पाषण्डापि में पूजिता विविधाय पूजाय । ऐचु इयं अत्तनापच्चुपगमने" । अर्थात् सबै सम्प्रदाय मेरो तरफबाट पूजित छन् । म उसको विभिन्न प्रकारले पूजा गर्दछु तर व्यक्तिगत रूपले त्यस कहाँ जानु मुख्य कर्तव्य मान्दछौं ।

उपरोक्त विवरणहरूबाट यो स्पष्ट हुन्छ कि अशोकको विश्वास "शुद्धधर्म"मा थियो । उसको यो पनि मान्यता थियो कि "शुद्धधर्म" को पालनले नै सबै मानिसको कल्याण हुन सक्छ । सम्प्रदायवादले त हानि नै हानि छन् । सम्राटको यही मंगलकामना थियो कि प्रजामा धर्माचरणको अभिवृद्धि होस्, सबै मानिसहरू संयमले वसूँन तथा दान गरुँन् । बढति विविधं धम्म चलने संयमे दान सम्वभागेतिचतुर्थ-स्तम्भलेख ।

अशोकले आफ्नो राज्यको शासन पूर्ण रूपले सम्प्रदाय निरपेक्ष भएर गरेको थियो । फलस्वरूप उसको राज्यमा सबैतिर शान्ति, सुव्यवस्था र सुशासन थियो ।

यो उल्लेखनीय छ कि त्यसको शिलालेखहरूमा ब्राह्मण र श्रमण शब्द एकै साथ अनेक पटक आएका छन् । त्यसमा भारतबाट प्राप्त अभिलेखहरूमा पहिला ब्राह्मण शब्दको प्रयोग भएका छन् त्यस पछि श्रमण । केवल शाहबाजगढ़ा र मानसेहराको अभिलेखहरूमा जुन पाकिस्तानमा पेशावर संगै पाएको थियो । श्रमण शब्द ब्राह्मण भन्दा पहिला अपेक्षाकृत धेरै पटक अंकित गरेको छ । यसको कारण संभवत: यो थियो होला कि त्यस क्षेत्रमा श्रमण-सम्प्रदायहरूको संख्या ब्राह्मण-हरूको अपेक्षा धेरै थियो होला ।

अब हामी अर्को महान् बौद्ध सम्राट कनिष्कको धर्म-निरपेक्षतामा विचार गरौं । हामी सबै जान्दछौं कि कनिष्क बौद्ध शासनको प्रबल पोषक र समर्थक



Downloaded from http://www.dhamma.digital

थियो। बौद्धधर्मको प्रति त्यसको निष्ठा एवं भक्ति भावना अनन्य थियो। तर त्यो निष्ठावान् बौद्ध हुँदा हुँदै पनि सम्प्रदायचादी कहिले पनि थिएन्। त्यो त्यति नै उदार थियो जति हामी अशोकलाई पाउँदछौं। सबै सम्प्रदायहरूको प्रति समान आदर, त्यसमा प्रचलित परम्पराहरूको प्रति उदारता, उनीहरूको जस्तै कनिष्कको पनि स्पष्ट नीति थियो। यद्यपि उसले अशोकको अनुरूप राज्यालेख लिखाएन कुदाएन तर उसको विभिन्न प्रकारको सुन-चाँदीको सिक्काको आधारमा हामी त्यसको धार्मिक सहष्णुताको स्पष्ट प्रमाण पाउँदछौं। यीन मुद्राहरूमा एकातिर राजा उभिएर प्रज्वलित अग्निको तरफ हात फैलाएर बसेको पाउँदछौं। तथा अर्कोतिर कुनै देवी देवताहरूको चित्र अंकित छन्। यी देवी देवता अनेक धर्महरू एवं सम्प्रदायहरूका हुन् जुन हिन्दू, पारसी, यूनानी, बौद्ध इत्यादि धर्महरूसंग सम्बन्धित छन्। हिन्दू देवतामा शिव लेखिराखेको छ र यूनानी - लिपिमा अर्थात् महेश लेखेको छ। पारसीयन, इरानी देवताहरूको चित्रण निक्कै धेरै छन्। इरानी देवी देवताहरूमा "अथसो" अर्थात् अग्निदेव, लहुरस्यो अर्थात् विद्युत देव, माओ अर्थात् चन्द्र, मिहिर अर्थात् सूर्य, नाना अर्थात् मातृदेवी, ओरलेग्नो अर्थात् युद्धदेव, वहराम, वैरो अर्थात् अग्नि, मज्दोहानो अर्थात् असुरदेव, अरडोवशो अर्थात् भाग्यदेवी, वोआड़ो, वातो अर्थात् वायुदेव। ईरानी देवताहरू धेरै भएको हुनाको कारण सम्भव, एम्भवतः त्यसको साम्राज्यको विस्तार यसै क्षेत्रमा हुनु हो। यूनानी देवी- देवताहरूको चित्रण अपेक्षाकृत कम अंकित छन्। यसको संख्या मात्र चार छ जुन यसरी छ- सेलिनी अर्थात् सोम मानावागो अर्थात् चन्द्र, हेकिया-स्टोस अर्थात् अग्निदेव र हेलियोस अर्थात् सूर्य। कनिष्कको सिक्काहरूमा नै हामी सर्वप्रथम भगवान् बुद्धलाई पनि चित्रित गरेको पाउँदछौं। त्यसको दुईवटा मात्र त्यस्तो सिक्का भेटायो जसमा एक स्वर्ण मुद्रा छन् तथा अर्को ताम्रमुद्रा। स्वर्ण मुद्रामा भगवान बुद्ध ध्यान मुद्रामा छ र यूनानी लिपिमा बोड्डो अंकित छ ताम्र मुद्रामा बुद्ध त्यसरी नै बसेका छन् तर उल्लिखित छ - शोकोमन बोड्डो अर्थात् शाक्यमुनि बुद्ध।

कनिष्कको सिक्काहरूमा पाइएका देवी देवताहरूको चित्रहरूमा विचार गरें त यो स्पष्ट हुन्छन् कि ती सबै त्यसले अन्य धर्मावलम्बिहरूको देवी-देवताहरूको नै चित्रण अपेक्षाकृत धेरै अधिक गरेका छन्। यसको एक मात्र कारण यही थियो कि अशोक कि भाँति उसको सम्प्रदाय निरपेक्षताको भाव थियो। बौद्ध धर्म उसको व्यक्तिगत धर्म थियो। सबै धर्महरूको प्रति आदर, समन्वयभाव तथा सहिष्णुता, यो उसको राजनीति थियो।

यी दुबै सम्राटहरूमा हामी जुन धर्मनिरपेक्षता भाव अथवा सम्प्रदाय निरपेक्ष भाव हामी पाउछौं त्यसको एक मात्र कारण यही प्रतीत हुन्छन् कि उनी शुद्ध धर्ममा विश्वास राख्दथ्यो न कि सम्प्रदायवादमा।

भगवान् बुद्ध कहिले पनि सम्प्रदायवादी थिएन। उनको धर्म सार्वजनिक सार्वभौतिक र सार्वकालिक थियो। बुद्धको यसै मूल भावबाट प्रेरित भएर अशोक र कनिष्कले यति विशाल साम्राज्यका स्वामी मालिक भएर पनि सदैव धर्मनिरपेक्षताको आदर्श अगाडि राखेर शासन गरे। भगवान् बुद्धको "धर्म" का सार्वजनिक, सार्वकालिक एवं सर्वकल्याणकारी हुनु योभन्दा ठूलो प्रमाण अरु के हुन् सक्छन् र? ■

## लोभ

✎ सुश्री सुमना देवी शाक्य
चैनपुर ३ संखुवासभा

पापको मूल नै लोभ हो भनि जानौं
हामी भित्र विद्यमान रहेको लोभ
यसलाई हटाउन त्याग भाव गर्न सिकौं
थाहा नहुनेलाई पनि सिकाउन थालौं

लोभ त्यो भित्रि आगो हो जानौं
हामी भित्रको शान्ति जलाउने लोभ
लोभ त्यो हतियार हो हाम्रो सुख छिनाउने
अन्तर मन भित्र लुक्दै छिप्दै रहन्छ यो

लोभबाट हुने दुष्परिणाम थाहा हुँदा
यसलाई हटाउने उपाए त्यो हो दान
प्रशन्न चित्तले दिएको दानको महत्व
महान साथै सुगतिमा उत्पन्न हुन्छ

अव देखी हामीले यसलाई जानेर बुझेर
लोभको वशमा नपरी लोभलाई वशमा पारौं
विगतका गल्तीलाई पुनः नदोहऱ्याई
अन्ध विश्वासमा भूलेकाहरूको विच चहकिलो दीप वनौं



Downloaded from http://www.dhamma.digital

# 'बुद्ध उपदेश र अभ्यास'

✎ **श्रीमती सरस्वती शाक्य,** चैनपूर ।

वास्तवमा भगवान् गौतम बुद्ध महामानव हुनुहुन्छ । उहाँले अनेक दु:ख कष्ट सहेर त्याग तपस्या गरीकन बुद्धत्व प्राप्त गर्नुभएको हो । तर यतिकैमा उहाँ सन्तुष्ट हुनु भएन् । उहाँले संसारको विषय - वस्तुमा भुलिरहेका मानिसहरूलाई यो सांसारिक भै भमेला तथा दु:खबाट मुक्त हुने बाटो देखाउन विभिन्न ठाउँमा चाहार्दै आफ्नो उपदेशहरू सुनाउदै हिंड्नु भयो । तर उहाँले "मेरो शरण आऊ, म तिमीहरूलाई दु:खबाट तारिदिन्छु" भनि कहिल्यै भन्नु भएन । बरु उहाँ भन्नुहुन्थ्यो– "आफ्नो उन्नतिको लागि स्वयं आफैले साधना गर । शान्तिका अग्रदूत भगवान् बुद्धको महिमा अपार छ ।

संसारमा जति पनि प्राणीहरू छन् । ती प्राणीहरूमा सर्वश्रेष्ठ प्राणी मानिस हो, किनकि मानिसहरूको विवेक राख्ने भाँडो छ, विचार गर्न र मनको कुरा बोल्ने शक्ति छ । भगवान् गौतम बुद्धले भन्नुभएको छ- "मानिसमा दु:ख भनेको अज्ञानताबाट आउँछ तर अज्ञानतालाई हटाउन सकिन्छ" ।

बुद्ध तपाई हामी जस्तै एक मानव हुनुहुन्थ्यो तर उहाँको प्रज्ञाले उहाँलाई तपाई हामीबाट भिन्न महा-मानव बनायो ।

हुन त कमलको फूल पोखरीको पानीभित्र मलिन हिलोमा जन्मिन्छ, जलमै हुर्किन्छ जलसंगै संघर्षरत भैरहन्छ । कमल हिलो माटोमा फुल्दछ तर फूलेपछि त्यसलाई हिलो माटोले केहि विगार गर्न सक्दैन बरु त्यो अझ बढी शुद्ध र पूर्ण भएर निस्कन्छ यसको पातलाई हिलो माटोले छुन सक्दैन । यो संसार पनि त्यो हिलो माटोको पोखरी सरह जाल-झेल पञ्च-प्रपञ्चको हिलोले दूषित भएर रहेको हुन्छ । यो अनेक तृष्णा आदिले बाँढिएको छ । तर यही तृष्णाको संसारमा बुद्ध एक कमलको रुपमा जन्मनु भयो । वहाँ सांसारिक माया मोहबाट पार हुनको लागि गृहत्याग गरी जानुभयो । बुद्धले देखाउनु भएको निर्वाणको मार्गमा पुग्नको लागि हामी आफैले उहाँको मार्गदर्शनानुसार अभ्यास गर्दै जानु पर्छ ।



## हे बुद्धनाथ शरण

✎ **सुर्जरत्न बज्राचार्य**
*पार्बती स्वीच भण्डार*

**श्री बुद्ध भगवान शरण जि वया**
**थःथितिपिं सकलें मुना थौं**

**श्री बुद्ध भगवान**
**पुष्प धूप नैबेद्य दीप**
**पञ्चांमृत फल मूल, क्षीर**
**दक्षिणादि बष्ठ्र अष्ट बृहि सहितं**
**सुपिण्ड पात्र द्वहलपा जिं**

**श्री बुद्ध भगवान**
**बुद्धया गुणं धर्मया व्यवहारं**
**संघया मैत्रिं विश्व शान्ति जुय्मा**
**संसारे ईले हे जल सुवृष्टि जुय्मा**
**सत्व प्राणिं नईगु नसा परिपूर्ण सय्मा**

**श्री बुद्ध भगवान्**
**श्री जुजु वीरेन्द्रया दीर्घायु जुय्मा**
**सकल प्रजापिनि चित्तरत्न भिनेमा**
**मस्यूसें यानागु दक्व पाप फुय्मा**
**दु:ख मुक्त जुयाः सुख शान्ति जुय्मा**

**श्री बुद्ध भगवान**
**सुपञ्च ताःल आदि थानाव बाद्य**
**श्रद्धा भावं सुस्तोत्र व्वना जिं**
**बुद्ध स्मरण यानागु प्रभावं**
**सुखाबति भूवने थ्यनेमा सकलें**
**श्री बुद्ध भगवान शरण जि वया**
**थःथितिपिं सकलें मुनां थौं**
**श्री बुद्ध भगवान ... ...**



Downloaded from http://www.dhamma.digital

### बुद्ध धर्म हिन्दू धर्मको शाखा होइन

२०५६ बैशाख ४ गते । यसदिन बौद्ध विद्वान, इतिहासविद् तथा भूतपूर्व मन्त्री श्री भूवनलाल प्रधानले "बुद्ध धर्म हिन्दू धर्मको शाखा होइन" भन्ने विषयमा प्रवचन गर्नु हुँदै भन्नुभयो- "राजकुमार सिद्धार्थ आफ्नो दरवारमा हिन्दू संस्कारमा हुर्कनु भई दरवार त्याग गरी ध्यान भावनामा लाग्नु भयो । ध्यान भावनामा लाग्नु हुँदा पनि हिन्दू संस्कार अनुसार नै सम्पन्न भएको थियो । तर त्यसबेलासम्म उहाँले सत्य ज्ञान प्राप्त गर्न सक्नु भएन । उहाँको शरीर कमजोड भई मुर्छा पर्नुभयो । त्यसबेला गाई चराउन आउने गोठालाहरूले उहाँलाई गाईको दूध मुखमा राखिदिएकोले सिद्धार्थको होश खुल्यो । त्यसपछि उहाँले थाहा पाउनु भयो- आफ्नो शरीरलाई अति कष्ट दिएर पनि कुनै काम सफल हुँदैन रहेछ । बाँच्नको लागि सन्तुलित आहारको पनि जरुरत पर्दोरहेछ । त्यसैले उहाँले मध्यम मार्ग अपनाई खाना खानुभई सत्यको खोजीमा लाग्नुभयो । उहाँको यस्तो व्यवहारलाई हिन्दू संस्कार ऋषीमुनीहरूले मन पराएनन् र उहाँलाई त्यागेर गए । तर सिद्धार्थ कुमार एक्लै भएपनि निराश हुनुभएन । आखिरमा यही मध्यम मार्गलाई अपनाउनु हुँदै बुद्धत्व प्राप्त गर्नुभयो । त्यसकारण बुद्ध धर्म हिन्दूधर्मको शाखा होइन ।

बुद्ध हिन्दू हुनु भएको भए उहाँलाई पनि हिन्दूहरूको योगी, जोगी, स्वामी आदि भनी सम्बोधन गरिनु पर्ने हो । तर यसरी सम्बोधन गरिएको छैन । बुद्धलाई बुद्ध भनेरै सम्बोधन गरिन्छ ।

बुद्धले अन्धविश्वासलाई मान्यता दिनुभएको छैन । उहाँले भन्नुभएको छ- "मैले भनेको भन्दैमा, त्रिपिटकमा उल्लेख गरिएको छ भन्दैमा कुनै पनि कुरालाई आफ्नो सोच विचार विना स्वीकार गर्न हुँदैन । आफ्नो स्वविवेकले चिन्तन मनन गरेर ठीक लागेमा मात्र त्यसलाई स्वीकार गर्नुपर्छ ।

तर हिन्दू धर्ममा गुरुले भनेको, वेद पुराणमा उल्लेख गरिएको कुरालाई आँखा चिम्लेर स्वीकार गर्नुपर्ने नियम छ । त्यहाँ स्वतन्त्र चिन्तनलाई स्थान दिएको देखिँदैन । जसले गर्दा मानिसहरू अन्धविश्वासको भूमरीमा पर्न बाध्य हुन्छन् । यस कुराबाट पनि पुष्टि हुन्छ, बुद्ध धर्म हिन्दू धर्मको शाखा होइन ।

फेरि बुद्ध धर्म र हिन्दू धर्मको संस्कार कहिं कतै पनि पटक्कै मिल्दैन । यदि शाखा हो भने एक दुई कुरा मिल्नु पर्ने हो । तर मिलेको देखिंदैन । त्यसकारण बुद्ध धर्म हिन्दू धर्मको शाखा होइन भनेर हामीले भन्न सक्छौं ।"

उक्तदिन ज्ञानेन्द्र महर्जनले कक्षा संचालन गर्नुभएको थियो । कक्षाको रिपोर्ट तारा डंगोलले लेख्नु भएको थियो ।

### निर्वाण र संस्कार

२०५६ ज्येष्ठ २२ गते । यसदिन भिक्षु अश्वघोष महास्थविरले निर्वाण र संस्कार विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो- "निर्वाण र संस्कार गम्भिर र अत्यावश्यक विषय हो । बुद्ध शिक्षा अनुसार आफ्नो भरोसा आफै हो । बुद्धले त हामीलाई मुक्ति मार्ग देखाइदिनु भएको छ । उहाँले हामीलाई मुक्ति मार्गमा तानेर लाने जिम्मा लिनु भएको छैन । त्यसकारण हामीले आफ्नो आचरण, चरित्र र व्यवहारमा सुधार गर्दै लानु परेको छ । निर्वाण मार्ग अपनाउनका लागि हामीले आफ्नो तृष्णालाई नाश गर्नुपरेको छ, पुण्य फल भोग गर्ने आशा र पाप गर्ने मनसाय नाश गर्न सकेमा मात्र मुक्ति मार्ग प्राप्त गर्न सकिने छ । संस्कार सबै त्याग्न सकेमा मात्र सबै दु:खबाट मुक्त हुन सकिने छ । बुद्ध शिक्षा अनुसार सबै संस्कार अनित्य छन् । हामीसंग आफू सुधिने इच्छा छँदा छँदै पनि हाम्रो कुलायन संस्कार बदल्न नसकिराखेकोले हाम्रो आचरण सुधार्न गाह्रो भैराखेको छ । त्यसैले हामीले बालकककालदेखि नै आफ्नो आचरण, बानी व्यवहारमा सुधार्दै लान सक्नु पर्छ । किनभने जन्मने बित्तिकै हाम्रो चित्त निर्मल भएपनि आफू वरिपरिको वातावरण र संगतले गर्दा हाम्रो चित्त धमिलिदै जानु स्वभाविक हो । बालककालदेखि देवता ढोग्दै जाँचमा पास हुन वरदान माग्ने संस्कार त्यागी मेहनतसाथ पढी जाँचमा पास हुन कोशिस गर्नुपर्छ । आफ्नो गल्तीलाई महशूस गरी स्वीकार गर्न सक्नु मानिसको राम्रो गुण हो । आफ्नो तर्फबाट केही चीज बस्तु र धन, अरूलाई दान दिइ त्यसको प्रतिफल आफूले पनि भोग्ने आशा नराख्नु पनि निश्वार्थ भावनामा गनिन्छ । यसरी आफूलाई शुद्ध बनाउनु आ-आफ्नै हातमा रहेको हुन्छ ।"

### "अबौद्धवाद र बुद्धवाद" विषयमा प्रवचन

२०५६ जेठ २९ । यसदिन भिक्षु अश्वघोष महास्थविरले "अबौद्धवाद र बुद्धवाद" विषयमा प्रवचन गर्नुभएको थियो । यस क्रममा उहाँले भन्नुभयो– बुद्धको



Downloaded from http://www.dhamma.digital

मौलिक र सैद्धान्तिक शिक्षा अध्ययन गर्नको लागि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना गरिएको हो। त्यसैले हामीले पहिला अध्ययन गरी त्यसलाई ठीक वा बेठीक छुट्टाउन खोज्नु पर्छ। बुद्ध शिक्षा अनुसार यी तल उल्लेखित ३ कुराहरूको विश्वास गर्न मिल्दैन।

१. मानिसहरूले भोगिरहने सुख दुःख अनुभवलाई पूर्व जन्मको फल मान्ने।
२. रोग र आपद विपदलाई इश्वरको लीला भनी स्वीकार्ने
३. सुख र दुःखको कुनै पनि कारण छैन भन्ने धारणा।

(१) पूर्वजन्मको फललाई मात्र विश्वास गर्ने व्यक्तिहरूलाई बुद्धले भन्नु भएको छ– यदि सबै फल पूर्वजन्मको फल हो भनी मान्ने हो भने हिंसा कार्य, चोरी कार्य, झूठो वचन बोल्ने, झगडा गर्ने बानी सबै पूर्वकर्म फल हो भन्दै चुप लागेर बसे पनि भयो।

(२) रोग हुनु र आपद विपद आउनु सबै इश्वरको लीला हो भनी मान्ने हो भने ईश्वरलाई नै सबै जिम्मा दिएर चुप लागेर बसेपनि भयो।

(३) त्यस्तै विना कारण नै सबै कार्य भइरहने हो भने धर्मदेशना गर्ने, नैतिकता पालन गर्ने र शील सदाचार सम्बन्धि शिक्षा दिइरहनु नै व्यर्थ हुने भयो।

राम्रो कार्य गरे राम्रै फल भोग्न पाइने र नराम्रो कार्य गरे नराम्रै फल भोग्न पर्ने, धान रोपे धान नै फल्ने र गहुँ रोपे गहुँ नै फल्ने त प्राकृतिक नियम रहेको छ। यसलाई नै बुद्धले मान्नु भएको छ। यसलाई नास्तिक भन्न मिल्दैन।

मानिसहरूले चोरी गर्ने कारण गरीबी र लोभ लालचले गर्दा हो अर्को शब्दमा भन्ने हो भने आर्थिक अवस्था कमजोड हुनाले हो। खान पिनको अव्यवस्थाले, पित्त प्रकोप र मौसमको खरावीले गर्दा र खराब चित्तको कारणले (स्वार्थी भावना) गर्दा पनि मानिसहरू रोगी बन्न पुग्छन्। त्यसैले पूर्वकर्म फल इश्वरको लीला र विना कारण संसारिक कार्य चल्छ भन्ने ३ वटा वादलाई अन्धविश्वासको रुपमा लिन सकिन्छ।

मानिसहरूको मरण ३ प्रकारको कारणले हुनसक्छ। १. जीवितिन्द्रिय (आयु सकिएर) २. तेजो धातु (तातो स्वभाव सकिएर) ३. विज्ञान (चेतना) सकिएर अर्थात् चित्त भंग भएर।"

यस दिन रामेश्वरी महर्जनले रिपोर्टिङ्ग गर्नु भएको थियो।

## पाँच प्रकारका दुर्लभहरू

२०५६ जेठ १ गते। यसदिन कुसुम गुरुमाँले ५ प्रकारका दुर्लभहरू बारे प्रवचन दिनुहुँदै भन्नुभयो– संसारमा ५ प्रकारका दुर्लभहरू छन् ती हुन्

(१) मनुष्यभाव दुर्लभ बुद्ध शिक्षा अनुसार मनुष्यको आकार प्रकार मात्र भएमा त्यसलाई साँच्चैको मनुष्य मानिन्दैन। शील पालन भएको मनुष्यलाई साँच्चैको मनुष्य तर संसारमा यस्तो मनुष्य दुर्लभ छन्।

(२) संसारमा बुद्ध उत्पन्न हुनु दुर्लभ–

बुद्ध एकजना उत्पन्न हुनलाई दशपारमिता पूरा गर्न आवश्यक छ। तर यसरी पारमिता पूरा गर्न सजिलो छैन। साधारण चित्त सहितको मानिसले यो काम गर्न गाऱ्हो हुन्छ। यसको लागि विशेष गुण र साहसले भरेको मानिसको खाँचो छ। त्यसकारण वुद्ध लोकमा उत्पन्न हुनु पनि गाऱ्हो छ।

(३) प्रव्रज्या भाव दुर्लभ–

गृहस्थी जीवन त्याग गरी अनित्य, दुःख, अनात्मले भरेको संसारको यथार्थ स्वभावलाई बुझी सत्यको खोजी गर्नको लागि प्रव्रज्या भाव उत्पन्न गर्नु पनि दुर्लभ छ।

(४) श्रद्धा भाव दुर्लभ–

धर्म चेतना उत्पन्न गर्नको लागि मनमा श्रद्धा उत्पन्न हुनु जरुरी छ। तर श्रद्धा भाव उत्पन्न गर्न पनि त्यति सजिलो छैन।

(५) सद्धर्म श्रवण अति दुर्लभ–

मनुष्यभाव प्राप्त गरी, श्रद्धा उत्पन्न भएर मात्र पुग्दैन सत्य धर्म विषयमा ज्ञान गुणका कुराहरू सुन्न पाउनु पनि अति दुर्लभ छ।

त्यसकारण बेला बखतमा यस्तो धर्म श्रवण कार्यक्रममा भाग लिई आफ्नो समयको सदुपयोग गर्नु फलदायी नै हुनेछ।


**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ३०९

**श्रीमती रूप मैयाँ स्थापित**

टेकु, काठमाडौं।

रु. १०००/–

क्र.सं. ३१०

**श्री संघरत्न शाक्य**

फसिकेब, न्यूरोड

रु. १००५/–




Downloaded from http://www.dhamma.digital

### संघ महानायक प्रज्ञानन्द महास्थविरको शतवार्षिक कार्यक्रम मनाइयो

१४ आषाढ २०५६ । संघ महानायक प्रज्ञानन्द महास्थविरको जन्म शतवार्षिक वर्ष भरी नै अधिराज्य भरका विभिन्न विहारहरूमा विविध कार्यक्रमका साथ मनाउने क्रममा आज जेष्ठ पूर्णिमाका दिन नगर मण्डप श्रीकीर्ति विहारमा महास्थविरबाट रचित भक्ति गीतहरू प्रस्तुत गरेको छ ।

स्वयम्भू ज्ञानमाला भजन खल:क, धरान ज्ञानमाला, श्रीकीर्तिपुर ज्ञानमाला, बनेपाका भीमसेन भजन मण्डल, पाटनका तारेमाम भजन खल:क र त्रिरत्न भजन खल:क, बनेपाका श्रीचण्डेश्वरी भजन खल:कमा ४०० जति भक्तजनहरूको पालो पालो गरी दिनभरि नै महास्थविरबाट रचित भजनहरू गाएका हुन् । भजन खल:कहरूलाई शतवार्षिक मूल समारोह समितिका अध्यक्ष भिक्षु धर्मपाल स्थविरले पुस्तकहरू र ज्ञानशीला अनगारिकाले बुद्धको ठूलो तस्वीर उपहार दिए ।

आजै आर.वि. बन्द्यबाट लिखित संघमहानायक अग्रमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविर, श्रीमती केशरी बज्राचार्यबाट अनुदित बुद्ध-हृदय, भिक्षु सुदर्शन महास्थविरबाट लिखित बहुजन हिताय बहुजन सुखाय पुस्तकहरू विमोचन गरियो । तीनै पुस्तकहरू नगर मण्डप श्रीकीर्ति विहारबाट प्रकाशित गरिएको हो ।

प्रात:कालदेखि सायन्हकालसम्म हजारौं बौद्धजनबाट भिक्षुणी यशोधरा थेरीको अस्थिधातु दर्शन गरेका छन् ।

### बुद्ध पूर्णिमा महोत्सव

सप्तरीको बौद्ध जागरण चैत्य इटहरवा प्रसवनी मटिगढामा २५४३ औं बुद्ध पूर्णिमा भव्य रुपमा मनाएको समाचार प्राप्त भएको छ । थारु युवा बौद्ध समूह सप्तरीका अध्यक्ष श्री महेश कुमार चौधरी थारुको सभापतित्त्वमा तथा प्रमुख अतिथि विद्वान भू.पू. महान्यायाधिवक्ता श्री रमानन्द प्रसाद सिंह थारुको समुपस्थितिमा सम्पन्न उक्त समारोहको शुभारम्भ शान्तिपद यात्राबाट गरिएको थियो । बद्रीनारायण चौधरीले स्वागत भाषण गर्नु भएको उक्त समारोहमा थारु भाषामा श्री शंकर प्रसाद चौधरीले स्वागत गीत गाउनु भएको थियो । श्री रमानन्द लेखी थारु, विनोद प्रसाद सिंह, श्री जानकी बल्लभ शरण थारु आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए । त्यस्तै भीम बहादुर तामाङ्ग, श्री तेजनारायण प्रसाद सिंह, रमाकान्त चौधरी थारु, श्री दुर्गानन्द प्रसाद सिंह थारु, श्री रमानन्द प्रसाद सिंह थारु आदिले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । अन्त्यमा श्री महेश कुमार चौधरी थारुले त्रिरत्न वन्दना र पञ्चशील प्रार्थना गरी सभा विसर्जन गर्नु भएको थियो ।

सप्तरीकै विरेन्द्र बजारमा पनि नेपाल तामाङ्ग घेदुङ संघ सप्तरीको अध्यक्ष श्री भीम बहादुरको सभापतित्त्वमा २५४३ औं बुद्ध पूर्णिमा आयोजना गर्नु भएको थियो । श्री महेश कुमार चौधरी थारूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा वक्ताको रुपमा रमाकान्त चौधरीले आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

### युवा बौद्ध प्रशिक्षण शिविर

धर्मशीला बुद्ध विहार स्थित युवा बौद्ध संघको आयोजना तथा हिमाली बौद्ध शिक्षण संस्था, काठमाडौंको सहयोगमा संचालित युवा बौद्ध प्रशिक्षण शिविर सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

जेठ २०-२९ सम्म संचालित उक्त प्रशिक्षण शिविरमा विभिन्न प्रशिक्षकहरूले विभिन्न विषयमा यसरी प्रशिक्षण दिनुभएको थियो ।

| *प्रशिक्षक* | *विषय* |
|---|---|
| भिक्षु श्रद्धानन्द | - बुद्ध जीवनी |
| विश्व शाक्य | - बौद्ध सदाचार र बौद्ध कला तथा वास्तुकला |
| प्रा. सुवर्ण शाक्य | - थेरवाद, महायान र बज्रयानको अन्तर सम्बन्ध तथा बौद्ध सँस्कृति |
| भिक्षु सुशील | - नेपालमा बुद्ध धर्मको अवस्था |
| डा. गेहेन्द्रमान उदास | - आधुनिक विश्वमा बुद्ध धर्मको विकास |
| प्रा. छत्रराज शाक्य | - बौद्ध ध्यान र लुम्बिनी विकासको परिचय |
| उप-प्राध्यापक लोकबहादुर थापा मगर | - बुद्ध धर्म र जनजातीहरू |
| माधव अधिकारी | - बुद्ध धर्म र विज्ञान |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| तिलकमान गुभाजू | - | बुद्ध धर्मको विकासमा युवाहरूको भूमिका |
| साहित्यकार सरूभक्त | - | बौद्ध साहित्य |
| प्रकाशमान गुभाजू | - | विश्व शान्ति स्तूपको महत्त्व |
| भिक्षु धर्ममूर्ति | - | बुद्ध धर्मका विशेषताहरू |
| पुण्य प्रसाद पराजुली | - | हिन्दू धर्म र बुद्ध धर्म सिद्धान्त र व्यवहारमा भेद |
| ब.आ. कनकद्वीप | - | बौद्ध तीर्थस्थलहरू |
| केदार शाक्य | - | बुद्ध धर्म र वातावरण । |

--★--

## वक्तव्य

**_विषय :_ भिक्षु सुमङ्गल महास्थविरले छोडेर जानु भएको चल अचल सम्पत्तिहरू बारे ।**

महोदय,

विभिन्न स्वदेशी तथा विदेशी दाताहरुबाट श्रद्धेय भन्तेहरूलाई सश्रद्धापूर्वक बौद्ध धर्मको उत्तरोत्तर उन्नति गर्नको लागि भनि प्रदान गरेका रकमहरूबाट बनेका चल अचल सम्पत्तिहरू भन्तेहरूको शेष पछी यसरी गृहस्थहरूले अधर्मी पाराले निर्लज्ज भई लिने अथवा दिने गरेमा दाताहरूको चित्त दु:खी श्रद्धा विग्रने भई भविष्यमा नेपालमा थेरवाद बौद्ध धर्मको भविष्य नै अन्धकारमा डुब्ने परिस्थिति श्रृजना हुने भएकोले हाल दिवंगत भिक्षु सुमङ्गल महास्थविरले छोडेर जानु भएको चल अचल सम्पत्ति गृहस्थीले लग्न नपाउने व्यवस्था मिलाई त्यस समितिबाट नियन्त्रण गरी बौद्ध धर्मको उन्नतिमा प्रयोग हुने गरी व्यवस्था गर्न आवश्यक कारवाई गर्ने गराउने कुरा उल्लेख गरी यस परिषदबाट पठाएको पत्र विषय के कारवाई गर्ने भएको छ ? केहि खवर नपाएकोले यो पत्र लेखिएको छ ।

यस परिषदको पत्र त्यस संरक्षण समितिको बैठकमा समितिका सदस्यहरूले बार बार आग्रह गर्दा पनि पेश भएन भन्ने गुनासो पनि सुनिएकोले हो, होइन यो बारे समेत जवाफ पठाउनु हुन अनुरोध छ ।

साथै केन्द्रिय दायक परिषदको आयोजनामा २०५६/३/१० का दिन धर्मचक्र विहारमा बसेको विभिन्न बौद्ध संघ संस्थाका प्रतिनिधिहरू तथा बौद्ध विद्वानहरूको एक वृहत सभाबाट बुद्ध विहारको सम्पति विषयमा विस्तृत छलफल भै अरूको नाममा दर्ता भै नसकेका चल अचल सम्पति बुद्ध विहार संरक्षण समितिबाट तुरुन्त रोक्का गर्न लगाउने र भिक्षु सुमङ्गलले छोडेर जानु भएका सम्पूर्ण चल अचल सम्पति बुद्ध विहार संरक्षण समितिको नाममा दर्ता गर्ने व्यवस्थाको निमित्त तथा त्यस समिति मार्फत एक विभिन्न बौद्ध संस्थाहरूको सभा बोलाई राय सलाह लिई विभिन्न तरिकाबाट जस्तै नैतिक दवाव तथा अरु तरीका प्रयोग गरी दिवंगत भन्तेको इच्छा अनुसार भन्तेले छोडेर जानु भएको सम्पत्ति सहि ठाउँमा प्रयोग गरी थेरवाद बौद्ध धर्मको छवि निर्मल पार्नु पर्छ भन्ने निर्णय भए बमोजिम आवश्यक कारवाई हुन अनुरोध गरिएको छ ।

*भवदीय,*

**बखत बहादुर चित्रकार**

अध्यक्ष

( थेरवाद बौद्ध दायक केन्द्रीय परिषद )

----

**विषय : बौद्ध तिर्थस्थल लुम्बिनीमा गर्न लागेको प्रस्तावित हिन्दू बौद्ध सम्मेलनको बहिस्कार तथा विरोध बारे ।**

महोदय,

थेरवाद बौद्ध दायक केन्द्रीय परिषदको आयोजनामा २०५६।३।१० गते विहिवारको दिन धर्मचक्र विहार बागवजारमा विभिन्न बौद्ध संघ संस्थाहरूका प्रतिनिधीहरू तथा बौद्ध विद्वानहरूको एक वृहत सभाबाट निम्न कारणको आधारमा प्रस्तावित हिन्दू बौद्ध सम्मेलनमा कुनै पनि बौद्ध संघ संस्था र बौद्ध व्यक्तिले भाग नलिने गरी कार्यविधि अपनाउने । अधिराज्य व्यापी बौद्ध जगतमा चेतना जागृत हुने गरी कार्यक्रम अगाडि बढाउने । यस विषयमा श्री ५ को सरकारलाई पनि अवगत गराई भविष्यमा हुने नचाहिदो स्थिति उत्पन्न हुन नदिन समयमै अनुरोध गर्ने ।

बहिस्कार विरोध गर्नुपर्ने कारणहरू :

१. स्वदेशमा भएका हिन्दू बौद्ध भाईचारालाई खलल हुने किसिमबाट विदेशी व्यक्तिहरूबाट संचालित कुभावपूर्ण सम्मेलन भएकोले ।
२. श्री ५ को सरकारले बौद्ध वातावरण अनुरुप त्यस क्षेत्रलाई विकास गर्न लुम्बिनी विकास कोषको स्थापना गरी लुम्बिनी गुरुयोजना तयार गरी तत् अनुसार काम भैरहेको स्थल ।
३. विभिन्न राष्ट्रिय बौद्ध तथा अन्तर्राष्ट्रिय बौद्धहरूको आस्था केन्द्र भएकोले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्ध संघ संस्थाहरूबाट आ-आफ्नो बौद्ध परम्परा अनुरुप विहार गुम्बाहरू निर्माण भैरहेको स्थल ।



Downloaded from http://www.dhamma.digital

४. हाल मात्रै श्री ५ को सरकारद्वारा सम्माननीय प्रधानमंत्रीको अध्यक्षतामा गठीत समितिले लुम्बिनीलाई मुस्लीमहरूको मक्का मदीना, क्रिश्चियनहरूको जेरुसेलम जस्तै बौद्धहरूको बौद्ध केन्द्र बनाउने उद्देश्यले लुम्बिनीमा बौद्ध शिखर सम्मेलन सम्पन्न भएको स्थल ।

५. अन्तर्राष्ट्रिय सम्पदा सूचीमा बौद्ध स्थलको नाममा नामांकित भएको लुम्बिनी स्थल ।

६. बुद्ध धर्मका प्रवर्तक भगवान बुद्धको जन्मस्थल भएकोले समस्त बौद्धहरूको पावन तीर्थस्थल लुम्बिनी ।

*भवदीय,*

**बखत बहादुर चित्रकार**

अध्यक्ष

( थेरवाद बौद्ध दायक केन्द्रीय परिषद )

■

## निःशुल्क स्वास्थ्य परिक्षण एवं औषधी वितरण कार्यक्रम संपन्न

०५५ माघ २३ गते शनिबार, पाल्पा, ज्ञानमाला संघ, आनन्द विहार तानसेन तथा करूणा बौद्ध संघ, होलाङदी बुद्ध विहारको संयुक्त आयोजनामा चिर्तुङधारा गा.वि.स. पाल्पामा निःशुल्क स्वास्थ्य परिक्षण एवं औषधी वितरण कार्यक्रम सु-संपन्न भयो ।

मिशन अस्पताल पाल्पाका डा. निरंजन शर्मा, डा. शवाना शर्मा एवं चन्द्र मेडिकल हल, तानसेनका विश्वमान बज्राचार्यबाट स्वास्थ्य जांच गरी निःशुल्क औषधी वितरण गरिएको सो कार्यक्रममा डेढ महिनाको बालक देखि ९७ वर्ष सम्मका करीव २०२ जना बिरामीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको मध्यतिर ज्ञानमाला संघ, आनन्द विहार, तानसेनका अध्यक्ष विश्वमान बज्राचार्यको सभापतित्वमा भएको धार्मिक कार्यक्रममा बुद्ध वन्दना तथा शिल प्रार्थना भए पछि करूणा बौद्ध संघ, होलाङदी विहार तानसेनका अध्यक्ष छत्रराज शाक्यले स्वागत भाषण गर्नु हुँदै बुद्ध जीवनी एवं धर्मका बारेमा सरल रूपमा प्रकाश पार्नु भएको थियो सो कार्यक्रममा चिर्तुङधारा गा.वि.स.मा अवस्थित बुद्ध संघौ सन्तोक बुद्ध विहारका अध्यक्ष गिरी प्रसाद दिशा मगरले पनि बुद्ध धर्मका बारेमा चर्चा गर्नु भएको थियो । कार्यक्रमको अन्त्यतिर सभाध्यक्षबाट शिल प्रार्थनाको महत्व बारे जानकारी गराउनु हुँदै सहयोगीहरूलाई धन्यवाद ज्ञापन गरी कार्यक्रमको समापन गरिएको थियो । कार्यक्रमको संचालन ज्ञानमाला संघका सचिव विनयराज बज्राचार्यले गर्नुभएको थियो ।

यस प्रकारको स्वास्थसेवा कार्यक्रमहरू दुवै संघबाट विगतका वर्षहरूमा पाल्पा जिल्लाका विभिन्न विकट गाउँहरूमा हुँदै आइरहेको छ र आउने वर्षहरूमा पनि हुने कुरा संवद्ध सूत्रबाट थाहा हुन आएको छ ।

★ उक्त स्वास्थ्य कार्यक्रमको लागि टाइम फर्मा नारायणगढ सिद्धार्थ फर्मा, सिद्धार्थनगर, एभरेष्ट मेडिसिन सेन्टर, बुटवल पि.टि.आई., पाल्पा परिवार नियोजन संघ, पाल्पा, पाल्पा अस्पताल, चन्द्र मेडिकल हल, तानसेन, कामना ड्रग्स, बुटवलबाट करीब रू. तीस हजारको औषधी सहयोग स्वरूप प्राप्त भएको थियो ।

## बौद्ध प्रवचन समारोह

२०५६ आषाढ १२, ललितपुर । जेठ पूर्णिमाको उपलक्ष्यमा ललितपुरको रुद्रदेव नगरपाल संस्कारित महाविहार (द्यःबहाल) मा नेपाल बौद्ध परिषद्को तर्फबाट एउटा प्रवचन समारोह सम्पन्न भयो । प्रतिस्थित बौद्ध विद्वान तथा समाजसेवी प्राध्यापक श्री सुवर्ण शाक्यको प्रमुख आतिथ्यमा सम्पन्न सो समारोहमा डा. भिक्षु सुनन्द महास्थविरले बुद्ध धर्ममा श्रद्धाको अर्थ र महत्व विषयमा विस्तृत व्याख्या गर्नुभयो भने गुरुआमा संघरक्षिताले जेठ पूर्णिमाको महत्वबारे सारगर्भित प्रवचन दिनुभएको थियो ।

पञ्चशील प्रार्थनाबाट शुरु भएको सो समारोहमा नेपाल बौद्ध परिषद्का अध्यक्ष श्री महीश्वरराज बज्राचार्यले उपस्थित जनसमूहलाई स्वागत अभिवादन गर्नुभएको थियो । स्वागत भाषणको क्रममा उहाँले नेपाल बौद्ध परिषद्को युवा समूह गठन हुन लागेको कुरा उल्लेख गर्दै यथाशिघ्र बौद्ध धर्म र दर्शनको कक्षा सञ्चालन हुन लागेको कुरामा प्रकाश पार्नुभयो ।

प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै श्री सुवर्ण शाक्यले युवा समूह गठन हुनु राम्रो हो तर यसमा बुद्ध धर्मप्रति श्रद्धा र आस्था भएका युवाहरू सम्मिलित गराउन सकेमा यसको महत्व अभिबृद्धि हुने कुरा औंल्याउनु भयो । उहाँले बौद्धको लागि नेपाल बौद्ध परिषद्ले अघि सारेको बुद्धयानको भावना समय सापेक्ष भएको कुरा इङ्गित गर्दै प्रत्येक महिनाको पूर्णिमाको उपलक्ष्यमा सुरु हुन लागेको बौद्ध प्रवचन कार्यक्रम सराहनीय छ भन्नुभयो ।



Downloaded from http://www.dhamma.digital

उक्त समारोहमा चित्रकार समाजका उपाध्यक्ष तथा नेपाल बौद्ध परिषद्का आजीवन सदस्य श्री पूर्णमान चित्रकार, नेपाल बौद्ध परिषद्का महासचिव डा. लक्ष्मण शाक्य तथा सुश्री राज्यलक्ष्मी वज्राचार्यले आ-आफ्नो मन्तव्य दिनुभएको थियो ।

नेपाल बौद्ध परिषद्बाट प्राप्त जानकारी अनुसार आगामी श्रावण ८ गते शनिवार विहान ८ बजे आषाढ पूर्णिमा (गुरु पूर्णिमा) को उपलक्ष्यमा बौद्ध प्रवचन कार्यक्रम सञ्चालन हुने भएको छ ।

## एउटा बौद्धस्तम्भ ढल्यो

धर्मोदय सभाका सल्लाहकार तथा भूतपूर्व अध्यक्ष ल.पु. अध्ययन मण्डलका धर्मानुशासक पण्डित दिब्यवज्र वज्राचार्यको ८० वर्षको उमेरमा असार ७ गते सन्ध्या समयमा दिवंगत हुनुभयो ।

वज्राचार्य बुद्ध दर्शन संस्कृत तथा पालि भाषाका प्रकाण्ड विद्वान हुनुहुन्थ्यो । स्मरणीय कुरो हो उहाँले कतिपय थेरवादी भिक्षु भिक्षुणीहरूलाई पालि भाषा पढाउनु भई पालि भाषाका विद्वान बनाउनु भयो । उहाँले कत्ति पनि अल्छि नमानिकन पालि पढ्न जो पनि आए पढाउनु हुन्छ । थेरवादी भिक्षुहरूले गर्नु पर्ने काम उहाँले गर्नुभयो यो उहाँको महान गुण हो ।

## भिक्षा फोनिगु ज्या सम्पन्न जुल

२०५६ जेष्ठ २९ गते खुन्हु मानव कल्याण समिति यलया ज्याभो कथं सुवर्ण छत्रपुर विहार लुभूया ग्वसाले बर्मा नेपाः बिज्याम्ह भिक्षु जटिल भन्तेया नेतृत्वे लुभू देशे भिक्षा फोनिगु ज्या जुल । उगु भिक्षा बिज्यागु ज्याभोले भिक्षु, श्रामणेर याना गुम्ह (९ जना) व गुरुमापिं न्याम्ह (५ जना) याना फिंपेम्ह (१४ जना) भिक्षा फोना बिज्यागु दु ।

## बौद्ध जागरण शिविर क्वचाल

यें (विश्वभूमि) ध्यानकुटी विहार, ध्यान संरक्षण समिति भ्वंतया ग्वसालय् वंगु शुक्रवाः व शनिवाः निन्हुयंकं जूगु बौद्ध जागरण शिविर उगु समितिया छ्याञ्जे भाजु रामकृष्ण खाछिभोयापाखें सुभाय् देछासें क्वचाल ।

न्हापांगु खुसिइ नेपालभाषां जूगु उगु जागरण शिविरय् यें मनपाया १३, १५, १७, १८ व २१ वडा, किपू नपाया ३, ४, ६, १६ व १७, मध्यपुर थिमि नपाया ५ व ६, यललिसें खोना, बुंग, वा, सुनाकुथि, थेच्वया थीथी विहार, खलः पुचः, वाचनालय व त्वाःपाखें यानाः मुक्कं ४४ म्ह प्रशिक्षार्थीपिन्सं ब्वति काःगु खः ।

उगु जागरण शिविरय् भिक्षु अश्वघोष महास्थविर, भिक्षु कोण्डन्य, हर्षमुनि शाक्य, प्रा. जनक नेवाः, विपेन्द्र महर्जन, देव रंजित व शाक्य सुरेनपिन्सं बुद्ध जीवन, बौद्ध दर्शन, स्वनिगलय् बुद्ध धर्म, गृही विनय, बुद्ध धर्मया निकाय व उकिइ वःगु विकृति, बुद्ध धर्म व संस्कृति, बुद्ध धर्म व पर्यावरण, बुद्ध धर्म व विकास विषयसं ध्वाथुइकादीगु खः ।

## भिक्षु अश्वघोष महास्थविरपाखें धर्मदेशना

भगवान बुद्धं अप्वो मनुतय्त हित, कल्याण जुइगु मैत्री करूणा तया कनाबिज्यागु शान्तिया शिक्षायात प्रचार प्रसार यायेगु । विशेष याना देया कर्णधार धाय्का च्वंपिं युवावर्गतय्त धार्मिक शिक्षा ध्वाथुइका चेतना ब्वलंका विकृति पाखें मुक्त यायेगु मनंतुना यलया बौद्ध युवा कमितिपाखें लच्छि छक त्वा त्वाले धर्मदेशना याकेगु भोले थ्व वंगु असार १३ गते आइतवा खुन्हु यलया ओकुबहाले भिक्षु अश्वघोष महास्थविरपाखें बाखँ कनेगु ज्या जुल । शिल प्रार्थना यासे प्रारम्भ जूगु उगु ज्याझ्वले बाखँ कना बिज्यासे भन्तेनं धयाबिज्यात थःथः म्हं महसुश मयाय्कं अज्ञानी मनू बोध जुइमखु, तालेलाइ मखु, शान्ति अशान्तिया वाता-वरण सिर्जना यायेगु शुद्ध अशुद्ध जुइगु थःथःगु ल्हातिइ वा थःम्हं थुइका कायेगु शक्तिइ भर परे जुइ धका बुद्धकालिन घटना हया ध्वाथुइका धमदिशना याना बिज्यात ।

धर्मदेशना लिपा ओकुबहाल टोल संरक्षण समितिया नायो कुलबहादुर शाक्यपाखें थजागु ज्याभो सकसितं हित कल्याण जुइगु जुया निरन्तरता बिमागु खँ धया बिज्यात । अथे हे कमितिया छ्याञ्जे विश्वन्तर शाक्य पाखें मागु ग्वहाली ब्यूपिं महाबौद्ध पुस्तकालय व मेकथं गुहाली ब्यूपिन्त सुभाय देछासें वर्षाया कारणं थीथी समस्यात कठिनाइत वये फूगुलिं निलाया लागी थुकथंया ज्याभो दिकागु खँ कनाबिज्यासे लिपा आश्विन १३ गते बिहिवाः धर्मदेशना यलया गुइटोले जुइगु खँनं क्वछिगु दु । थुकेया अतिरक्त बौद्ध युवा कमितिपाखें वाःया शनिवा पतिकं युवा वर्गतय्त बुद्ध शिक्षाया कक्षा नं संचालन जुयाच्वंगु दु ।

## श्रद्धाञ्जली

युवा बौद्ध पुचः ख्वपया सहसचिव मय्जु सरिता बज्राचार्यया लुमन्तिस उक्त पुचःपाखे यें, यल, ख्वपया थीथी बौद्ध संघ, संस्थाया प्रतिनिधित दुथ्याका भव्यकथं श्रद्धाञ्जली देछागु समाचार दु ।

Downloaded from http://www.dhamma.digital

## बुद्ध पूर्णिमा महोत्सव

३० अप्रिल १९९९ का दिन रीगजीङ शेख छ्योलिङ गोन्पा रंगबोलमा भव्यरूपमा बुद्ध पूर्णिमा मनाइएको समाचार छ । दीप जलन, धर्म गुरुहरूबाट माणी मोन्लमको पाठ, लामा लाक्पा बम्जनका अडियो क्यासेटद्वारा धर्म सन्देश संचार, धार्मिक पाठ पूजा, बुद्धका अमूल्य एवं अमृतमय धर्म सन्देशहरू पठन गरी मनाइएको सो कार्यक्रममा बुद्ध प्रतिमालाई बाजा गाजा सहित रंगबोल बजार परिक्रमा गराईएको थियो । महिला र पुरुष गरी जम्मा ४० जवान व्यक्तिहरूले रक्तदान गरेको सो कार्यक्रममा दार्जिलिंग ब्लड बैंकका भैषजिक अधिकारी डा. रेणुका क्षेत्री लगायत ४ सहयोगी कर्मचारी बृद्ध लगायत रंगबोलकै भाई बहिनीहरूले सहयोग पुऱ्याएका थिए । यस पवित्र दिनमा रंगबोलमा रहेका ४ वटा गोसखानमा पनि कुनै पनि प्राणी हत्या भएन । एक दृष्टिमा "अहिंसा दिवस" पालन गरिएको थियो ।

उक्त कार्यक्रममा प्रकृतिको संरक्षणमा हामीले रूखपात लगाउनु पर्ने विषयमा जोड दिनु हुँदै सचिवज्यूले आफ्नो मन्तव्य पोख्नु भएको थियो र रंगबोलको वन दिनदिनै नष्ट भएको र पानीको मुहानहरू सुक्दै गरेको फलस्वरूप दार्जिलिङ्गमा पिउने पानीको संकट बढ्दै गएको मूल कारण पनि वन विनाश नै हो भनी महसूस गरियो । त्यसैले वृक्षारोपणमा जोड दिन निवेदन पनि गरियो ।

## लयुलयुपतिकं धर्मदेशना

वंगु २०५६ बैशाख १७ गते स्वांयापुन्हि खुन्हु भगवान बुद्धया २५४४ औं बुद्ध जयन्ति समारोह, बौद्धजन विहार, सुनागुठी, यलपाखें पा: ल:ल्हाना कायुगु ज्या जुल । थ्वहे पा:या ज्या ज्व:ले लयुलयु पत्तिकं बौद्ध धर्मदेशना ज्या न्हचाकेगुली जेठ ३१ गते लयु पत्तिकंया दकले लिपाया शनिवार पा:लाका श्रद्धेय भन्ते बुद्धघोष महास्थविरपाखें छुमा याना बिज्यागु जुल । धर्मदेशना जुई न्हचो विहार व ज्ञानमाला भजन खल: स्वयम्भूपाखें ज्ञानमाला भजन जूगु ख: । थथेतुं आषाढ १ गते श्रद्धेय भन्ते जटिल, श्रामणेर व अनगारिकापिं भिंन्हयुम्हयात भिक्षा दान याकेगु ज्यानं जुल । आषाढ ५ गते शनिवार सुंथे ८ ता:ईले निसें ११ ता:ई तक बौद्धजन विहारे परियत्ति कक्षायु ब्वंपिं छात्र छात्रा वंगु २०५५ सालसं जूगु परीक्षायु उतिर्ण जुपिं छात्र छात्रापिंत श्रद्धेय अनगारिका कुसुम गुरुमापाखें शिरपा ल:ल्हायुगु ज्या पुवन । छगू कक्षा ३ ले रामेश्वरी महर्जन बौद्ध परियत्ति कक्षा बोर्ड तृतिय जूगु ख: । भगवान बुद्धया २५४४ औं बुद्ध पूर्णिमा समारोहपाखें लयुलयु पत्तिकं धर्मदेशना याकेगुली आषाढ २६ गते श्रद्धेय भन्ते भद्दियपाखें धर्मदेशना याना बिज्यागु जुल ।

## दीपंकर परियत्ति शिक्षालयया वार्षिकोत्सव

२०५६ जेष्ठ २१ गते । ललितपुर उपमहानगर प्रमुख श्री बुद्धिराज बज्राचार्यया प्रमुख आतिथित्वे दीपंकर परियत्ति शिक्षालय (नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्र) या वार्षिक उत्सव विभिन्न कार्यक्रमत न्ह्याका: सम्पन्न जूगु समाचार दु । नेपाल बौद्ध परियत्ति शिक्षाया शिक्षाध्यक्ष श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरया सभापतित्वे सम्पन्न जूगु उगु समारोह पञ्चशील प्रार्थना लिपा शुरू जूगु ख: । सुजाता गुरुमांपाखें स्वागत भाषण याना बिज्यागु उगु कार्यक्रमे सुश्री सति धाख्वा:पाखें वार्षिक प्रतिवेदन प्रस्तुत व श्री हेराकाजी सुइकापाखें आर्थिक प्रतिवेदन प्रस्तुत जूगु ख: । अग्गत्राणी गुरुमां व शान्तरत्न शाक्यपाखें थ:थ:गु मन्तव्य प्रकट याना बिज्या:गु उगु कार्यक्रमे दीपंकर परियत्ति शिक्षालयया विद्यार्थीपिनिपाखें त्रिशरण गाथा म्ये, धम्मपद गाथा व गृहस्थी जीवन ता:लाक हनेत मा:गु कर्त्तव्याकर्त्तव्य-बारे छलफल प्रस्तुत या:गु ख: । हेराकाजी सुइकापाखें ज्ञानमाला म्ये प्रस्तुत या:से धन्यवाद ज्ञापन नं याना बिज्या:गु उगु ज्या ज्वलयु मूपाहाँ श्री बुद्धिराज बज्राचार्य पाखें दीपंकर परियत्ति शिक्षालयया शिक्षिकापिं, सुजाता गुरुमां, अमीता धाख्वा:, न्हुच्छेनानी शाक्य, सति धाख्वा:, विद्या शाक्य, सरीता अवाले, पुनम शाक्य व रचना शाक्य आदि व विद्यार्थीपिं सकसित पुरस्कार ल:ल्हाना बिज्यात । अथे हे वसपोलं थ:गु मन्तव्य नं प्रकट याना बिज्यात ।

सभाया अन्तयु सभापति श्रद्धेय बुद्धघोष महास्थ-विरजुपाखें मन्तव्य नापं पुण्यानुमोदन याना सभा क्वचायुका बिज्या:गु जुल ।

२५४२ स थुगु केन्द्रयु जाँच व्यूपिं फुक्कं विद्यार्थीपिं उत्तीर्ण जूगुली कक्षा ५ यु रचना शाक्य बोर्ड द्वितीय जूगु जूसा ललीता श्रेष्ठ बोर्ड तृतीय जूगु जुल ।

थुगु कार्यक्रमया लागी गुहाली व्यूपिं संस्था व व्यक्तिपिनि नां व चन्दा रकम–

ललितपुर उपमहानगर पालिका रु. ५०००/–, ज्ञानज्योति कंसाकार रु. २०००/–, बोधि पौसा रु. १२००/–, नियमरत्न शाक्य रु. १०००/–, गुण ज्यास: पस: रु. ५००/–, कर्णबहादुर रु. ५००/–, धर्मबहादुर धाख्वा: रु १०००/–, गणेश रु ३००/–, नानीमाया शाक्य रु. ५००/–, बैंकपाखें प्राप्त ब्याज रु. १८७९/–, रत्नदेवी धाख्वा: रु. १००/–, अमीता धाख्वा रु. २००/–, हेराकाजी शाक्य रु. ३००/– जम्मा रु. १२६७९/–

अथे हे बुद्धरत्न शाक्यपाखें मग्गङ्ग दीपनी सफू न्यागू, विद्या शाक्यपाखें वह:यागु फ्रेम १, अजय शाक्यपाखें फोटो-२, प्राप्त जूगु ख:सा कार्यक्रमे जम्मा रु. १४६८०/– खर्च जूगु खँ उल्लेख जूगु दु ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २२[illegible], २२[illegible], फ्याक्स : [illegible] २५८६७८

Downloaded from http://www.dhamma.digital